मजदुर विज्ञापन शाखा
नागाँचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५
विज्ञापनको लागि सूचना
सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com
मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

सार्वजनिक सेवा लिँदा ध्यान दिऔं।
❖आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
❖आवश्यक कागजात र प्रक्रिया पूरा गरौं,
❖नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
❖आधिकारिक सेवाप्रदायकबाट मात्र सेवा लिऔं,
❖सेवा प्राप्त गर्दा बिचौलियाको प्रयोग नगरौं,
❖सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
❖जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
❖सेवा प्रवाहमा समस्या भएमा सम्बन्धित निकायमा सम्पर्क गरौं,
❖अनियमितता र भ्रष्टाचारविरुद्ध सम्बन्धित निकायमा उजुरी गरौं,
सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

★ वर्ष : २८ ★ अङ्क : १०४ ★ ने. सं. ११४६ बछला गा, पञ्चमी★ बिहीबार ★ २४ वैशाख, २०८३ ★ May 7, 2026, Thursday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## विदेशी पैसाबाट सञ्चालित गैरसरकारी संस्थाका अभियन्ताहरूले देशलाई नेतृत्व दिन नसक्ने




जुम्ला, २३ वैशाख । १३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा नेपाल मजदुर किसान पार्टी जुम्ला जिल्ला समितिले बुधबार जुम्लाको खलङ्गामा कार्यकर्ता प्रशिक्षण कार्यक्रम सम्पन्न गऱ्यो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भन्नुभयो, "एमालेबाट प्रधानमन्त्री भएका केपी ओलीले भदौ २३ गतेको हत्या र भदौ २४ गतेको आगजनी रोक्न सकेनन् र भदौ २४ गते सेनाको दबाबमा पदबाट राजीनामा दिएर जनतालाई जानकारी नदिई भूमिगत भए । राष्ट्रपति रामचन्द्र पौडेलले पनि भदौ २३ र २४ गतेको घटना हुन नदिनेतर्फ संविधान पालन गर्न सकेनन् र प्रम ओलीको राजीनामा स्वीकृत गरी जनतालाई जानकारी नदिई भूमिगत भए ।"

"नेपाल प्रहरीका अधिकारीहरूले छानबिन आयोगसँगको बयानमा भदौ २३ र २४ गतेको घटना रोक्न सशस्त्र प्रहरी बल, नेपाल र नेपाली सेनाबाट सहयोग नपाएको बताएको संवेदनशील विषय हो । भदौ २३ र २४ गतेको घटनामा संलग्न दोषीहरूबारे उल्लेख भएको राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन सरकारी दबावको कारण सार्वजनिक हुन नसकेको समाचार प्रकाशित भइरहेको छ" सचिव सुवालले औँल्याउनुभयो ।

उहाँले पैँतीस वर्षयता सरकारमा गएका दल र प्रम एवम् मन्त्रीहरूले जनताको समस्या समयमा समाधान गर्न नसकेको हुँदा उपद्रव गर्नेहरूलाई मौका मिलेको र देशमा अहिलेको सङ्कट उत्पन्न भएको स्पष्ट पार्नुभयो ।

उहाँले थप्नुभयो, "जनतालाई राजनीतिक रूपले शिक्षित, सचेत र सङ्गठित नगरी अघि बढाइएको भारतको नक्सालवादी आन्दोलन, नेपालको झापा विद्रोह र माओवादी सशस्त्र द्वन्द्व असफल भएको थियो । नेपाल मजदुर किसान पार्टीका कार्यकर्ताहरूले पार्टी अध्यक्षज्यूको पुस्तक 'राजनीतिक कार्यकता बन्ने भाइबहिनीहरूलाई चिठी' अध्ययन गरेर जनताको सेवामा लाग्नु जरुरी छ । नयाँ पुस्तालाई वर्गीय चेतना दिएर सङ्गठीत गर्नु आवश्यक छ ।"

"३५ वर्षयता सरकारमा गएका नेका, एमाले, माओवादी, राप्रपालगायतका शासक दलहरूले नेपाली जनतालाई शिक्षा, स्वास्थ्य, रोजगारी दिन सकेनन् । रास्वपा सरकारको विधान र निर्वाचन वाचापत्रमा पञ्चायतले प्रयोग गरेको भाषा 'शोषणरहित समाज' र 'आर्थिक उदारीकरण' उल्लेख छ, उत्पादनका साधन र सेवा सामाजिकीकरण नभई शोषणरहित समाज स्थापना हुने छैन । रास्वपाको सरकारले एक महिनामा ७० हजारभन्दा बढी युवालाई घरखेत बेचाएर वैदेशिक रोजगारीमा पठायो, ५०-६० अर्ब रुपैयाँ वैदेशिक ऋण लियो, इन्धनको मूल्य बढायो । विदेशी पैसाबाट सञ्चालित गैरसरकारी संस्थाका अभियन्ताहरूले देशलाई राजनीतिक रूपले नेतृत्व दिन सक्दैनन्" सचिव सुवालले उल्लेख गर्नुभयो ।

प्रमुख अतिथि सुवालले वर्तमान पुँजीवादी सरकारमा गएको रास्वपाले पनि देश र जनताको निःस्वार्थ रूपमा सेवा नगर्ने उल्लेख गर्दै मजदुर र किसानको नेतृत्वमा प्रगतिशील बुद्धिजीवी तथा देशभक्तहरूको सरकार गठन गर्न नेमकिपाले जनतालाई सङ्गठित गरिरहेको बताउनुभयो ।

उहाँले वरिष्ठ पत्रकार प्रतीक प्रधानले ४० वर्षयता काठमाडौँमा बनेका नब्बे प्रतिशत घरहरू भ्रष्टाचारबाट बनेको खुलासा गरेको र अर्का वरिष्ठ पत्रकार अनिल गिरीले एक लाख नेपाली सेनामध्ये ८० हजार परिचालन गरी चुनाव जिताएर रास्वपाको सरकार गठन गराएको संवेदनशील विषय उठाएको बारे नेपाली जनता सचेत हुनुपर्नेमा जाड दिनुभयो ।

उहाँले भन्नुभयो, "अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको विरोध नगर्ने सरकार जुनसुकै पार्टीको भए पनि देशभक्त हुनेछैन । यसकारण, नेमकिपाले एमसीसी, एसपीपी र नेपालको नदीनाला भारतलाई दिने सम्झौता खारेजीको आवाज उठाएको हो ।"

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले उत्पादनका साधन राष्ट्रियकरण गरेर जनतालाई शिक्षा-स्वास्थ्य निःशुल्क हुने समाजवादी व्यवस्थाको निम्ति नेपाल मजदुर किसान पार्टी सङ्घर्षरत रहेको उल्लेख गर्दै जनताका दुश्मनहरूले नेमकिपालाई सिध्याउन खोजेकोतर्फ कार्यकर्ता सचेत हुनु जरुरी रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "रास्वपालगायतका शासक दलहरू विदेशीको सहयोगमा सरकारमा पुगेर नेपाललाई नवउपनिवेश बनाउनेतर्फ उन्मुख छन् । नेपाल मजदुर किसान पार्टी देशको सार्वभौमिकता दाउमा राखेर सत्तामा पुग्न कसैको गुलामी गर्नेतिर लाग्दैन । निर्वाचनमा जे जस्तो परिणाम आए पनि निःस्वार्थ रूपले देश र जनताको सेवामा समर्पित हुनेछ ।"

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सरोजराज गोसाईले भन्नुभयो, "पञ्चायती व्यवस्थामा नेपाली जनतालाई बोल्न पाउने, राजनीतिक दल खोल्न पाउने अधिकार थिएन । नेपाली जनताले पञ्चायती निरङ्कुशताविरुद्ध सङ्घर्ष गरेर प्रजातन्त्र ल्याएका हुन् । अहिलेको बालेन सरकार पनि विद्यार्थी सङ्गठन, ट्रेड युनियन निषेध गरेर पञ्चायतकै बाटोमा हिँड्न खोज्दै छ । नेपाली जनताले बालेन सरकारको निरङ्कुश र फासीवादी कदमविरुद्ध पनि सङ्घर्ष गर्नेछन् ।"

उहाँले अर्जेन्टिनामा जन्मिएका डाक्टर चे ग्वेभाराले क्युवाको क्रान्ति सफल बनाएर बोलिभियाली जनताको निम्ति क्रान्ति सफल बनाउन लड्दा लड्दै सहादत प्राप्त गर्नुभएको चर्चा गर्दै उहाँको अन्तर्राष्ट्रिय भावनाबाट नेपाली जनताले पनि प्रेरणा लिनु जरुरी रहेको उल्लेख गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टीका सल्लाहकार जयबहादुर शाहीले पार्टीका कार्यकर्ताहरू विचलित नभई इमानदार, नैतिकवान, अनुशासित भएर पार्टी सङ्गठनलाई जनतामाझ पुऱ्याउन क्रियाशील रहनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेमकिपा जुम्ला जिल्ला समितिका अध्यक्ष पूर्णलाल खत्रीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा नेमकिपा कर्णाली प्रदेशका धनेन्द्र विक, नेमकिपा कर्णालीका सदस्य विर्खबहादुर रावत, नेक्रायुसङ्घका अध्यक्ष मिनबहादुर बाटा र नेमकिपा जुम्लाका मानबहादुर बोहराले पनि बोल्नुभयो ।

## सीमा विवाद अन्त्य गर्न नेपालले नै पहल गर्नुपर्ने

नेपाल र भारतको सीमा विवाद नसुल्झिएसम्म सीमा विवाद कहिले पनि अन्त्य हुनेछैन । नेपाल-भारत सीमा विवाद टुङ्ग्याउनेतर्फ एकातिर भारतको वास्ता छैन भने अर्कोतिर समस्यामा परेको नेपाल सरकारको पनि ध्यान पुगेको छैन । वास्तवमा नेपाल-भारत सीमा विवाद अन्त्य गर्नेतर्फ नेपाल सरकारले नै पहल गर्नुपर्ने हो । भारतले नेपाली भूमि मिचेको हो । मिचिएको नेपाली भूमि नेपालले फिर्ता लिनुपर्ने हो । आफ्नो भूमि फिर्ता लिन नेपाल सरकारले विभिन्न विज्ञहरूसँग परामर्श लिनुपर्ने हो; विभिन्न प्रमाण र तथ्यहरू बटुल्नुपर्ने हो । भारतले कालीनदीको नक्कली मुहान देखाएर नेपाली भूमि आफ्नो बनाउने प्रयास गरेको छ । आफ्नो जग्गा आफ्नो भन्न या गर्न नेपाल सरकार पछि पर्नु हुँदैन । आफ्नो जग्गा कायम गर्दा भारत रिसाउला भनेर चिन्ता लिनुपर्ने होइन । नेपालले आफ्नो साँध या सिमाना छुट्याउनैपर्छ । आफ्नो साँध (सिमाना) छुट्याएर अरु विषयमा दौत्य सम्बन्ध कायम गर्नेतर्फ सरकार लाग्नुपर्छ ।

लिपुलेक, लिम्पियाधुरा र कालापानी नेपाली भूमि रहेको कुरा धेरै ऐतिहासिक प्रमाण नेपालसँग नभएको होइन । ऐतिहासिक प्रमाण र तथ्यको आधारमा नेपालले आफ्नो भूमि दाबी गर्नुपर्छ; दाबी गरेर आफ्नो भूमि कायम गर्नुपर्छ । नेपाली भूमिलाई कसैले आवश्यकताअनुसार उपयोग गर्नु एउटा कुरा हो; त्यो भूमि कुनै देशका मानिसहरू ओहोरदोहोर गर्ने मार्ग होला । ओहोरदोहोर भइरहेको आधारमा त्यो बाटो या भूमि आफ्नो हुँदैन । नेपालीहरू काशीमा गइरहेका होलान् तर काशी र काशी जाने बाटो नेपालको हुँदैन । आफू गइरहने, बेलाबखत बसिरहने भनेर त्यो भूमि दाबी गर्न मिल्दैन; दाबी गरे पनि त्यो भूमि कुनै विदेशी या भारतको हुँदैन ।

सन् १८१६ को सुगौली सन्धिअनुसार लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भूभाग हुन् । तर, भारतले नेपाली भूमि लिपुलेक हुँदै एकतर्फी रूपमा कैलाश मानसरोवर यात्रा पुनः सञ्चालन गर्ने तयारी थालेको छ । कोभिडको समयमा पनि भारतले नेपाली भूमि हुँदै मानसरोवर जोड्ने सडक बनाउन थालेको थियो । ऐतिहासिक सन्धि, प्रमाण, नक्सा र भूबनोटको राम्रो अध्ययन गरी सीमा विवाद टुङ्ग्याउन नेपाल सरकारले नै पहल गर्नुपर्छ । यात्राको लागि उपयोग गर्दै आएको भूमि भनेर भारतले दाबी गर्नु एक प्रकारको बल मिचाइ हो । यो सार्वभौमसत्तामाथिको हस्तक्षेप हो ।

कुनै देशका नागरिकले कुनै देशको भूमिमा अनुमति लिएर यात्रा गर्न पाउँछ । तर, पहिलेदेखि यात्रा गर्दै आएको भनेर त्यो ठाउँ आफ्नो हो भन्न पाउँदैन । भारतजस्तो ठूलो भूभाग ओगटेको देशले नेपालजस्तो सानो भूगोलको भूमिमा आँखा गाड्नु हुँदैनथ्यो; भूमि दाबी गर्नु हुँदैनथ्यो । अस्थायी वास बस्न दिएको आधारमा त्यो ठाउँ नै आफ्नो हो भनी दाबी गर्नु भारतको बलमिचाइ नभए अरु के हुन्छ ? नेपालको सार्वभौमिकताको सम्मान हरेक देशले गर्नुपर्छ । भारतले विचारेर कालापानी, लिपुलेक र लिम्पियाधुरा बिनासर्त नेपालको निम्ति छोड्नुपर्छ ।

सन् १८१६ को सुगौली सन्धिदेखि नेपालले उपभोग गर्दै आएको भूमि भारतले सन् १९५४ देखि कैलाश मानसरोवरमा यात्राका लागि उपयोग गर्दै आएको भनेर त्यो भूमि कसरी भारतको हुन्छ ? भारत नेपालको छिमेकी देश हो; भारत अरु देशको भूमि मिचेर दुःख दिन चाहँदैन भने लिपुलेक, लिम्पियाधुरा र कालापानी बिनासर्त भारतले नेपाललाई छोड्नुपर्छ । भारतले कालापानीमात्र होइन नेपालका अन्य भूमिमा पनि मिचेको छ; मिच्दै छ । सीमा स्तम्भहरू हटाउँदै, नेपालीलाई उठाउँदै भारतले भूमि मिच्ने क्रम छोडेको छैन । भारतले भूमि मिचेकै कारण नेपाल साँगुरिँदै छ । लालपुर्जा, रसिद हाम्रो अनि भोग अरुको कसरी हुन्छ ? भारत नेपाली भूमि छाड्न चाहँदैन भने नेपाल सरकारले अदालतमा मुद्दा हाल्नुपर्छ र मुद्दा हाल्नुअघि गर्नुपर्ने प्रक्रिया अघि बढाउनुपर्छ । नेपाली भूमि नेपालको बनाउन भारतको समर्थन छैन भनेर के सुख पाउँछ ? अतः नेपाल सरकारले उक्त क्षेत्रमा विभिन्न प्रशासनिक कार्यालय भवन बनाउने, बाटोघाटो बनाउने र बस्तीको विकास गर्नेतर्फ सरकारको ध्यान पुग्नुपर्छ । नेपालले नेपाली भूमि आफ्नो कायम गरेर छाड्नुपर्छ ।

व्यङ्ग्यचित्र कुनो




## दार्चुलामा अन्तर्राष्ट्रिय श्रमिक दिवस

दार्चुला, २३ वैशाख । सैले शिखर नगरपालिकाको वडा. ७ को पाथ्रायणी, वडा. ९ तातोपानी र लेक्म गा.पा. वडा न. ६ तेलि गाउँमा मतदाताहरूलाई धन्यवाद र १३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा भेटघाट तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य रमेशकुमार रावलले मादल चिह्नमा छाप लगाउने मतदाताहरूलाई धन्यवाद दिनुभयो । जबसम्म बहुमत कामदारवर्गका जनताको राज्य व्यवस्था आउँदैन तबसम्म सर्वहारावर्गका जनताले सुख नपाउने कुरा उहाँले स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, "समाजवादी राज्य व्यवस्थामा गाँस, बास, कपास र रोजगारीको ग्यारेन्टी हुन्छ । यसको निम्ति जनता राजनीतिक रूपमा सचेत र सङ्गठित भई अगाडि बढ्नुपर्छ ।"

उहाँले अहिलेको सरकार पनि पुराना सरकारजस्तै भएकोले जनताले धेरै आशा राख्न नहुने बताउनुभयो । उहाँले वास्तविक सुकुमवासीको पहिचान गरी लगत सङ्कलन गरेर मात्र सुकुमवासी समस्या समाधान गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "यो सरकारले हचुवाको भरमा सुकुमवासी बस्तीमा डोजर चलाएको छ । बिनासुझबुझ र तयारीसाथ सुकुमवासी बस्तीमा डोजर चलाएर हजारौँ परिवारलाई खुला आकाशमुनि राख्नु हुँदैन ।"

कार्यक्रममा नेमकिपा कैलालीका सदस्य सीताराम पण्डितले अब हरेक नेपाली जनता राजनीतिक रूपमा सचेत र सङ्गठित नभए अझै धेरै पीडा भोग्नुपर्ने उल्लेख गर्दै यो सरकारले पुँजीवादीहरूको मात्रै सेवा गर्ने प्रस्ट पार्नुभयो ।



**वसन्तपुर दरबार क्षेत्रमा पर्यटक**
विश्व सम्पदा सूचीमा सूचिकृत काठमाडौँको वसन्तपुर दरबार क्षेत्रको बुधबार दिउँसो अवलोकन गर्दै विदेशी पर्यटक । *तस्बिर : विमलबहादुर विष्ट/रासस*

# पूर्वविशिष्टको दोहोरो सवारी सुविधामा सरकारको निगरानी : विवरण बुझाउन गृहलाई प्रधानमन्त्री कार्यालयको निर्देशन

काठमाडौँ, २३ वैशाख । राज्यकोषबाट दोहोरो र असीमित सुविधा लिने प्रवृत्तिलाई नियन्त्रण गर्न सरकारले सक्रियता देखाएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले पूर्वविशिष्ट पदाधिकारीले प्रयोग गरिरहेको सवारीसाधनको यथार्थ विवरण बुधबारै उपलब्ध गराउन गृह मन्त्रालयलाई कडा निर्देशन दिएको छ ।

प्रधानमन्त्री कार्यालयद्वारा गरिएको पछिल्लो अध्ययनले केही पूर्वविशिष्ट पदाधिकारीहरूले कानुनले तोकेकोभन्दा बढी सवारीसाधन प्रयोग गरेको वा फरक-फरक निकायबाट दोहोरो सुविधा लिइरहेका तथ्य फेला पारेपछि गृहसँग विवरण माग गरिएको हो ।

गृहको निर्देशनमा पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, पूर्वप्रधानन्यायाधीश, पूर्वसभामुख र पूर्वराष्ट्रियसभा अध्यक्षहरूले लिइरहेको सुविधाको पूर्ण विवरण बुधबार कार्यालय समयभित्र इमेलमार्फत पठाउन ताकेता गरिएको छ ।

यस कदमबारे जानकारी दिँदै प्रधानमन्त्री बालेन्द्र साहकी प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालले राज्यकोषको दुरूपयोग रोक्न र सुशासन कायम गर्न सरकारले कडाइका साथ विवरण माग गरेको बताउनुभयो । उहाँका अनुसार, "कानुनले तोकेभन्दा बाहिर गएर लिइएका सुविधाको पहिचान गरी प्रणालीलाई पारदर्शी बनाउनु यो निर्देशनको उद्देश्य हो ।"

विगत लामो समयदेखि पूर्वविशिष्टहरूले मापदण्डविपरीत सरकारी स्रोतसाधनको प्रयोग गरिरहेका भन्दै आलोचना भइरहेका बेला सरकारले यो सक्रियता देखाएको हो । गृह मन्त्रालयबाट प्राप्त हुने विवरणका आधारमा मापदण्डभन्दा बढी सुविधा लिनेको सवारीसाधन फिर्ता गर्ने र सुविधासम्बन्धी प्रक्रियालाई थप व्यवस्थित बनाउने सरकारको तयारी छ । ***रासस***

# लागूऔषधसहित १५ जना पक्राउ

काठमाडौँ, २३ वैशाख । नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न भागबाट लागुऔषधसहित १५ जनालाई पक्राउ गरेको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार काठमाडौँ, ललितपुर, रूपन्देही, सिरहा, चितवन, नवलपरासी पूर्व, कैलाली, सुनसरी र सुर्खेतबाट उनीहरू पक्राउ परेका हुन् ।

उनीहरूका साथबाट चिकित्सकको सिफारिसमा मात्रै खरिद गर्न पाइने नियन्त्रित लागूऔषध नोर्फिन, फेनारगन, स्पास्पेन, ट्रामाडोल, आइपिपिएल र डाइजेपाम तथा लागुऔषध खैरो हेरोइन र गाँजा बरामद भएको छ ।

**ठगीको अभियोगमा पाँच पक्राउ**

वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा पाँच जना पक्राउ परेका छन् ।

बागलुङको काठेखोला गाउँपालिका-३ का २२ वर्षीय सन्दीप थापा मगर, काठमाडौँ महानगरपालिका-३ का ४३ वर्षीय निरबहादुर कार्की, सर्लाहीको चक्रघट्टा गाउँपालिका-२ का ३९ वर्षीय विजयकुमार यादव, काठमाडौँ चन्द्रागिरी नगरपालिका-५ का चिरन्जिवी अधिकारी र रामेछाप लिखु तामाकोसी गाउँपालिका-१ का ३० वर्षीय प्रवेश गुरूङ पक्राउ परेका केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

उनीहरूले माल्टा, क्रोएसिया, क्यानडा र मकाउ पठाइदिने भन्दै सर्वसाधारणसँग ५० लाखभन्दा बढी ठगी गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । पक्राउ परेकालाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागि वैदेशिक रोजगार विभागको जिम्मा लगाइएको छ ।

**फरार प्रतिवादी पक्राउ**

चेक अनादर मुद्दाका दुई जना फरार प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा मकवानपुरको वाग्मती गाउँपालिका-७ घर भएका ४७ वर्षीय पूर्णबहादुर डिम्डुङ र तेह्रथुमको फिदिम नगरपालिका-४ का ५८ वर्षीया सलिजा कान्दङवा छन् ।

जिल्ला अदालत मकवानपुरको २०८१ माघ १३ गतेको फैसलाले उक्त मुद्दामा दुई वर्ष कैद सजाय ठहर भई फरार रहेका उनीहरूलाई काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो ।

**क्यासिनोबाट १९ पक्राउ**

रूपन्देहीको सिद्धार्थ नगरपालिका-१० स्थित रोयल कालिङ्गा क्यासिनोमा जुवा खेल्दै/खेलाउँदै गरेको अवस्थामा १९ नेपाली नागरिक पक्राउ परेका छन् ।

लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङ र जिल्ला प्रहरी कार्यालय रूपन्देहीबाट खटिएको प्रहरीले उक्त क्यासिनोबाट गएराति उनीहरूलाई पक्राउ गरेको हो । प्रहरीले उनीहरूको साथबाट नगद रु. ९५ हजार ५००, क्यासिनो क्वाइन ५० थान र मोबाइल १७ थानसमेत बरामद गरेको छ ।

**जुवातास खेलिरहेका १० पक्राउ**

पोखरा महानगरपालिका-१३ काहुँखोलाका ५१ वर्षीय चित्रबहादुर रानाभाटको इटजोन खाजा घरमा जुवातास खेलिरहेको अवस्थामा उनीसहित १० जना पक्राउ गरेका छन् । वडा प्रहरी कार्यालय रामबजारबाट खटिएको प्रहरीले उनीहरूलाई नगद रु. ७७ हजार १८० र ८९९ पत्ती तासमहित पक्राउ गरेको हो ।

**मोटरसाइकल दुर्घटनामा तीन जनाको मृत्यु**

काठमाडौँ चन्द्रागिरि नगरपालिका-१५ ढुङ्गेअड्डास्थित सडकमा बा प्र ०२-०३६ प ०९६६ नम्बरको मोटरसाइकल दुर्घटना हुँदा चालक कीर्तिपुर नगरपालिका-४ सल्यानटार बस्ने ३० वर्षीय विशाल धाँमीको मृत्यु भएको छ ।

यस्तै कास्कीको पोखरा महानगरपालिका-१६ पश्चिमाञ्चल क्याम्पस नजिक सडकमा ग १७ प ८१२ नम्बरको मोटरसाइकल अनियन्त्रित दुर्घटना हुँदा नुवाकोट घर भएका ३४ वर्षीय सुजन तामाङको मृत्यु भएको छ ।

सप्तरीको सप्तकोसी नगरपालिका-१ गोल्चोकस्थित सडकमा बा ५८ प २०२८ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही नगरपालिका-९ पाटनटोल बस्ने ७४ वर्षीय मिश्रीलाल खङको मृत्यु भएको प्रहरीले जनाएको छ । ***रासस***

## हार्दिक समवेदना



**जन्म** : २०२१/०२/२३
**निधन**: २०८२/१२/२९

भक्तपुर जिल्ला हाल भ.न.पा. वडा नं. ६ देकोचा टोल बस्ने यस संस्थाका सदस्यता नं. ३३०३ का सदस्य **कृष्णगोविन्द अवाल**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर

## हार्दिक समवेदना



**जन्म**
**१९९३/०१/३०**

**निधन**
**२०८३/०१/२१**

**बिजुलीमाया ताम्राकार**

यस संस्थाको शिक्षा उपसमितिका सदस्य रामहरि ताम्राकारकी ममतामयी माता **बिजुलीमाया ताम्राकार**को दु:खद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**सञ्चालक समिति**
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भक्तपुर नगरपालिका - ७, चोर्चा, भक्तपुर

## हार्दिक समवेदना



**जन्म** : १९९७/०५/०१
**निधन**: २०८३/०१/१८

यस गुठीका भ.न.पा.७, चोर्चा टोल बस्ने **जगतलक्ष्मी बनमाला**को असामयिक निधन भएको आज सातौँ दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**श्री वनमाला नचा: गुठी परिवार**
भ.न.पा.-७, इनाचो

## हार्दिक समवेदना



**जन्म**
**१९९३।०१।३०**

**निधन**
**२०८३।०१।२१**

यस विद्यालयका शिक्षक रामहरि ताम्राकार र पूर्वशिक्षक लक्ष्मीहरि ताम्राकारकी ममतामयी माता **बिजुलीमाया ताम्राकार**को दु:खद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**बासु माध्यमिक विद्यालय परिवार**
भक्तपुर

## भाषासेवी माष्टर जगतसुन्दर बचत तथा ऋण सहकारी संस्था लि.

भ.न.पा.-३, भक्तपुर

## कर्जा तिर्न आउनेबारे १५ दिने सार्वजनिक सूचना

**प्रथम प्रकाशित मिति : २०८३।०१।२४**

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीहरूले व्यापार व्यवसाय कर्जा शीर्षकअन्तर्गत लिएको कर्जा सहकारी संस्थाको सर्त कबुलियत लिखतबमोजिम भाखामा कर्जाको सावाँ, ब्याज, हर्जानालगायतका रकम सहकारी संस्थासँग गरेको कर्जासम्बन्धी सर्त कबुलियतबमोजिम समयमा नै तिर्न बुझाउनुपर्नेमा सो रकम नबुझाएको हुँदा कर्जा चुक्ता गर्न पटकपटक मौखिक तथा लिखित ताकेता गर्दासमेत सोको बेवास्ता गरी संस्थालाई तिर्न बुझाउनुपर्ने ऋण रकम नबुझाई संस्थाको सर्त बन्देज उल्लङ्घन गरेको हुँदा ऋण चुक्ता गर्नको लागि १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सम्पूर्ण ऋण रकम चुक्ता गर्न आउनु र रकम बुझाइसकेको भए सोको प्रमाण पेस गर्न आउनु होला । अन्यथा समयभित्र सहकारी संस्थाको ऋण चुक्ता नभएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, स्थानीय सरकारको सहकारी ऐन २०७६ तथा प्रचलित कानुनबमोजिम संस्थामा भए गरेका लिखतअनुसार धितोमा रहेको अचल श्रीसम्पत्ति लिलाम बिक्री गरी ऋण असुलउपर गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गरिन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण | धितोमा रहेको सम्पत्तिको विवरण |
|---|---|---|
| १. | **नाम** : मोहनकेशरी खर्बुजा (स्यामा)<br>**पिता** : बद्रिभक्त खर्बुजा<br>**पति** : विष्णुप्रसाद स्यामा<br>**ससुरा** : कृष्ण स्यामा<br>**ठेगाना** : भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका, साबिक वडा नं. १५ भई हाल परिवर्तित वडा नं. २ | भक्तपुर जिल्ला भक्तपुर न.पा. वडा नं. १५ कित्ता नं. ६९७ को क्षेत्रफल ०-१-१-० जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातसमेत । |
| २. | **नाम** : श्यामकृष्ण त्वायना<br>**पिता** : हरिनारायण त्वायना<br>**बाजे** : जुजुवीर त्वायना<br>**ठेगाना** : भक्तपुर जिल्ला भक्तपुर नगरपालिका साबिक वडा नं. १२ भई हाल परिवर्तित वडा नं. ४ | भक्तपुर जिल्ला चित्तपोल गा.वि.स. वडा नं. १(क) कित्ता नं. १००० को क्षेत्रफल ०-३-३-२ जग्गामा बनेको घर जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातसमेत |

## सङ्क्षिप्त समाचार

# वर्षासँगै घट्यो उपत्यकाको प्रदूषण

काठमाडौँ, २३ वैशाख । वर्षा र हावाहुरीका कारण काठमाडौँ उपत्यकाको वायु गुणस्तरमा उल्लेख्य सुधार आएको छ । एयर क्वालिटी इन्डेक्स (एक्युआई) को पछिल्लो तथ्याङ्कअनुसार आज बिहान ११:०० बजेसम्म उपत्यकाको वायु गुणस्तर सूचकाङ्क ४७ मा झरेको छ, जुन 'राम्रो' अर्थात् स्वस्थ श्रेणीमा पर्दछ ।

केही साताअघि विश्वकै सबैभन्दा प्रदूषित सहरको सूचीमा पहिलो स्थानमा रहेको काठमाडौँ हाल सुधार हुँदै ६६ औँ स्थानमा झरेको छ । एक्युआई मापदण्डअनुसार ०-५० सम्म 'राम्रो', ५१-१०० 'मध्यम', १०१-१५० 'अस्वस्थ', १५१-२०० 'सबैका लागि अस्वस्थ', २०१-३०० 'धेरै अस्वस्थ' र ३०० भन्दा माथि 'अत्यन्त खतरनाक' मानिन्छ ।

गत वैशाख १० गते उपत्यकाको वायु गुणस्तर सूचकाङ्क २४७ सम्म पुगेको थियो, जुन 'धेरै अस्वस्थ' श्रेणीमा पर्ने भएकाले सर्वसाधारणको स्वास्थ्यमा गम्भीर जोखिम देखिएको थियो । विज्ञहरूले त्यसबेला प्रदूषणको उच्चस्तरले श्वासप्रश्वाससम्बन्धी समस्या बढाउने चेतावनी दिएका थिए ।

वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीका अनुसार लामो समयसम्म वर्षा नहुँदा धुलो, धुवाँ र डढेलोबाट उत्पन्न प्रदूषण वायुमण्डलमा थुप्रिने गर्दछ । उहाँले भन्नुभयो, "सुक्खा मौसममा वन डढेलो बढ्ने र त्यसबाट निस्किएको धुवाँ उपत्यकामा थुनिने भएकाले प्रदूषण उच्च हुन्छ । छिमेकी मुलुक भारतबाट आउने प्रदूषित हावाले पनि काठमाडौँको वायु गुणस्तरमा असर पार्ने गरेको छ ।"

उहाँले वर्षासँगै धुलो र धुवाँ पखालिने तथा हावाको बहाव बढ्ने भएकाले वायु गुणस्तर सुधार हुने बताउनुभयो । साथै, दीर्घकालीन रूपमा प्रदूषण नियन्त्रण गर्न दिगो र वातावरणमैत्री विकासका उपायहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक रहेको उहाँको जोड छ । हालको सुधारले उपत्यकावासीलाई केही राहत दिएको भए पनि विज्ञहरूले प्रदूषण नियन्त्रणका स्थायी उपायमा ध्यान दिनुपर्ने आवश्यकता औँल्याएका छन् । **रासस**

# शृङ्खलाबद्ध लुटपाटको अभियोगमा पक्राउ

काठमाडौँ, २३ वैशाख । हतियार देखाएर शृङ्खलाबद्ध लुटपाट मच्चाउने दुई जना पक्राउ गरेका छन् । काठमाडौँ महानगरपालिका-२९ इन्द्रचोकस्थित एक सुनचाँदी पसलमा हतियार देखाइ लुटपाटको प्रयास गरेको अभियोगमा दुई जनालाई काठमाडौँ प्रहरीले पक्राउ गरेको हो ।

लुटपाटमा संलग्न भक्तपुरको थिमी नगरपालिका-९ बोडे बस्ने ३० वर्षीय विकेश राजवाहक र काठमाडौँ महानगरपालिका-१९ डल्लु बस्ने ३४ वर्षीय अरुण भुजेललाई जिल्ला प्रहरी परिसर काठमाडौँको टोलीले पक्राउ गरेको हो । उनीहरूबाट चिनियाँ पेस्तोल र त्यसको म्यागजिन, गोली एक थान तथा सो समयमा प्रयोग भएको कपडा र स्कुटरसमेत बरामद गरिएको काठमाडौँ परिसरका प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले जानकारी दिनुभयो ।

उनीहरूले गत पुस २१ गते काठमाडौँ महानगरपालिका-२५ मासन गल्लीस्थित एक होलसेल पसलमा पनि पेस्तोल देखाई दुई तोलाको सुनको सिक्री, नगद रु. चार लाख, मोबाइल र सिसीटिभीसमेत लुटेको अनुसन्धानका क्रममा खुलेको छ । निजहरूमाथि थप अनुसन्धान भइरहेको काठमाडौँ प्रहरीद्वारा बुधबार जारी विज्ञप्तिमा जनाइएको छ । **रासस**

# संवैधानिक परिषद् बैठक बिहीबार

काठमाडौँ, २३ वैशाख । सर्वोच्च अदालतको प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया अघि बढाउन संवैधानिक परिषद्को बैठक आह्वान गरिएको छ । संवैधानिक परिषद्का अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्रीको निर्देशनअनुसार परिषद् सचिवालयले बिहीबारका लागि बैठक बोलाएको हो ।

संवैधानिक परिषद्को सचिवालयले बुधबार जारी गरेको पत्रअनुसार बैठक २०८३ वैशाख २४ गते बिहीबार अपराह्न ५:०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बस्नेछ । बैठकको मुख्य कार्यसूची प्रधानन्यायाधीशको नियुक्ति सिफारिस रहेको छ ।

बैठकमा सहभागी हुन सभामुख डोलप्रसाद अर्याल, राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहाल, कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतम, प्रतिनिधि सभामा विपक्षी दलका नेता भीष्मराज आङ्देम्बे र प्रतिनिधिसभाकी उपसभामुख रुवी कुमारीलाई आमन्त्रण गरिएको छ । **रासस**

# भूमिहीनका कथाव्यथा 'सिकलसेल' मञ्चन

काठमाडौँ, २३ वैशाख । सदियौँदेखि भूमिहीन सुकुमवासीको कथा समेटिएको नाटक 'सिकलसेल' शिल्पी थिएटरमा मञ्चन भइरहेको छ ।

बत्तिसपुतलीस्थित उक्त थिएटरमा वैशाख १३ गतेदेखि मञ्चन भइरहेको नाटकले दर्शकको मन जितेको छ । जमिनदार र हलिया प्रथाको इतिहाससमेत जोडिएको उक्त नाटकमा कोही कसरी सुकुमवासी हुन पुग्छ भन्ने कथा झल्काएको छ ।

गुणराज पोखेलद्वारा लिखित यस नाटकलाई सुमित भण्डारीले निर्देशन गर्नुभएको हो । जमिदारको परिवारको दृश्य देखाउँदै नाटकको कथा सुरु भए पनि त्यही घरमा बस्ने हलिया गरिब रामविश्वासको दयनीय अवस्थामा देखिन्छ । नाटकमा जमिदारले दबाउँदै आएको गरिब हलिया रामविश्वासको परिवारसँग डर पनि साँधेको छ । आफैँले दबाउँदै आएको गरिब परिवारले क्रान्ति र चेतना जागृत हुनेबित्तिकै आफ्नै शासनविरुद्ध आवाज उठाए के गर्ने ? भन्ने चिन्ताले जमिदारको परिवार त्रसित छ भएको अवस्था नाटकमा रहस्यात्मक ढङ्गले उठान गरिएको देखिन्छ ।

नाटकमा गोविन्द ओली, विनिता लामा गुरुङ, इच्छासिंह, निरज बाबु, पूजासिंह राजवंशी, सङ्गीता उराँव, रविन परियार, धनुराज सुनार, सुनील तामाङ, कोहिनुर विश्वकर्मा, सञ्जय मुडियारी (सन्जु) र विष्णु श्रेष्ठले अभिनय गर्नुभएको छ । **रासस**




**राजविराज सडकको दुरवस्था**

हुलाकी सडकखण्डअन्तर्गत राजविराजबाट कञ्चनपुर जाने सडकको दुरवस्था । उक्त सडक खाल्डाखुल्डी परेको र समयमै कालोपत्रे नभएका कारण हिउँदमा धुलाम्मे र बर्खायाममा हिलाम्मे हुँदा सवारीसाधन सञ्चालन गर्न र स्थानीयवासीलाई आवतजावतमा समस्या भएको छ । *तस्बिर: अरुणकुमार यादव/रासस*

# बीपी राजमार्ग : जानकारी लिएर मात्र यात्रा गर्न आग्रह

काभ्रेपलाञ्चोक, २३ वैशाख । बेमौसमी वर्षाका कारण प्रायः दैनिक राजमार्ग अवरुद्ध हुने भएपछि बीपी राजमार्गमा अवस्था बुझेर मात्रै यात्रा गर्न सुरक्षा निकायले आग्रह गरेको छ । जिल्ला सुरक्षा समितिले मङ्गलबारदेखि राजमार्गमा रातको समयमा भने अनिश्चितकालीन आवागमन बन्द गराइसकेको छ ।

समितिले वर्षालगायत जोखिमका कारण साँझ ५:०० देखि बिहान ५:०० बजेसम्म अनिश्चितकालीन राजमार्गमा आवागमन बन्द गराएको हो । बेमौसमी वर्षाका कारण रोशी खोलामा बाढी आउँदा खोलाको सतह बढेर 'डाइभर्सन' बगाउँदा सडक अवरुद्ध हुने भएकाले मङ्गलबारदेखि रातिको समयमा अनिश्चितकालीन रागमार्ग बन्द गराइएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रविन विष्टले जानकारी दिनुभयो । उहाँका अनुसार मौसमी अवस्थाअनुसार पुनः राजमार्गमा आवागमन नियमित गराइनेछ ।

यसैबिच सोमबारको वर्षाका कारण बीपी राजमार्गअन्तर्गत रोशी गाउँपालिका-७ स्थित लास्कोट र घुमाउनेको बिचमा फसेका यात्रुको राति उद्धार गरिएको थियो । नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोलीले पाँचवटा माइक्रोबसका ८९ यात्रुलाई बुधबार बिहान १:०० बजे सकुशल उद्धार गरी गन्तव्यतर्फ पठाएका हुन् । वर्षातपछिको बाढीले रोशी क्षेत्रमा बीपी राजमार्गमा बनाइएको अस्थायी डाइभर्सन बगाउन थालेपछि सुरक्षा निकायले सोमबार साँझ ५:०० बजेदेखि नै उक्त क्षेत्रमा आवागमन बन्द गराएको थियो । राजमार्ग अवरुद्ध भएपछि सवारीसाधनलाई राजमार्गको प्रवेशमार्ग धुलिखेल तथा काभ्रेभञ्ज्याङ र मङ्गलटार तथा सिन्धुलीको नेपालथोकमा 'होल्ड' गराइएको थियो ।

प्रहरीले राजमार्गको अवस्था बुझेर मात्रै दिनको समयमा यात्रा गर्न सर्वसाधारणलाई अनुरोध गरेको छ भने अर्को सूचना जारी नभएसम्म उक्त खण्डमा यात्रा नगर्न सडक यात्रुलाई अपिलसमेत गरिएको छ । बेमौसमी वर्षाका कारण पटकपटक रोशी खोलाको बाढीले बीपी राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरपालिकाको चौकीडाँडादेखि सिन्धुलीको नेपालथोक क्षेत्रसम्मका विभिन्न स्थानमा अस्थायी डाइभर्सन बगाउँदा सडक अवरुद्ध हुँदै आएको थियो ।

गत सालको बाढीपहिरोले रागमार्गको चौकीडाँडा, रोशी तथा सिन्धुलीको नेपालथोक क्षेत्रमा १८ किमि सडक बगाएपछि खोलामै डाइभर्सन निर्माण गरी आवागमन भइरहेको थियो । हाल उक्त क्षेत्रमा स्थायी सडक निर्माण भइरहेको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ । **रासस**

# भारतीय केरा आयात रोकिँदा नेपाली केराले मूल्य पाउन थाले

बलेवा (बागलुङ), २३ वैशाख । बागलुङ नगरपालिका-१३ नयाँपुलका लीलाधर जैसीको केराबारीमा हिजोआज दिनकै बजारका व्यापारीको बास हुन्छ । स्थानीय जातका केराको खोजीमा बागलुङ र कुश्मा बजारका व्यापारी दिनदिनै उहाँको बारी धाउँछन् ।

पछिल्लो छ महिनायता लीलाधर र उहाँको गाउँका किसानले केरा बेच्नका लागि बजार जानुपरेको छैन । घरघरमै दिनदिनै आउने व्यापारीले केरा आफैँ खोज्छन्, आफैँले काट्छन् र गन्ती गरेपछि केराकै बोटको फेदमा पैसा बुझाउँछन् । यो देखेर यहाँका किसान दङ्ग छन् ।

भारतीय केराको आयात रोकिएपछि यहाँका स्थानीय केराको मूल्य बढेको छ । जाडो मौसममा प्रतिदर्जन रु. ६० र गर्मी मौसममा प्रतिदर्जन रु. ७० देखि ८० मा बिक्री हुँदै आएको केरा आजभोलि दर्जनको रु. १०० पर्न थालेको छ । बजार जाने झन्झट नहुने र बारीमै केराको मूल्य बढी पाउँदा निकै खुसी लागेको जैसी बताउनुहुन्छ । दर्जनमा हिसाब हुने गाउँघरमा व्यापारीले किसानको बारीबाट नै केरा उठाएर थैलो भर्छन् । यहाँका किसानको दैनिकी धान्ने अर्को स्रोत केरा हो । नयाँ पुल आसपासका क्षेत्रमा केराखेती विस्तार हुँदै गइरहेको छ ।

बागलुङको जैमिनी नगरपालिका-४ सर्कुवाका किसान ईश्वरीप्रसाद शर्माले पनि पछिल्लो समय केराले राम्रो मूल्य पाएको बताउनुहुन्छ । बजारमा भारतीय केरा र नेपालको तराईको केरा आउँदा स्थानीय जातका केरा बिक्री गर्न कठिन हुने गरेको भए पनि पछिल्लो समय केराको माग उच्च रहेको उहाँले बताउनुभयो । जैमिनी नगरपालिका-१ कुश्मीशेराका किसान मोतीप्रसाद शर्माले भन्नुभयो, "यो बेला केरा फलाउन सकेको भए निकै राम्रो मूल्यमा बिक्री हुने रहेछ । अघिल्ला वर्षको तुलनामा यो वर्ष केराको माग उच्च छ ।" माग र मूल्य दुवै बढेकाले केराखेती गरेका किसानले राहतको महसुस गरेको उहाँले बताउनुभयो ।

वर्षातको समयमा मात्रै कोदो र मकै फल्ने बारीलाई सदुपयोग गरेर यहाँका किसानले केराखेती गर्दै आएका छन् । शर्माले भन्नुभयो, "मकै र कोदोको मूल्य हिसाब गर्दा वर्षमा १८ हजार कमाई हुन्थ्यो, लगाउने गोड्ने दुःख त कति हो कति । समयमा पानी र मल दिएपछि राम्रो फल्ने केराले अहिले मेरो दैनिकी नै बदलिएको छ ।" पछिल्लो समय गाउँका किसानले परम्परागत खेतीलाई परिवर्तन गरेर केराखेती गरेका छन् । मोतीप्रसाद शर्माले जस्तै जैमिनीका किसानले बाँझो जग्गा र खेतीयोग्य जमिनमा केराखेती गरेका छन् । किसानले केराका लागि आवश्यक मलको जोहो गर्न गाईभैँसी पालेका छन् । खानेपानीका लागि प्रयोग भइरहेको पानीलाई बचत गरेर केरामा सिँचाइ गर्छन् ।

यहाँका किसानले स्थानीय रामरेखे लोकल, मालबोक, मुङ्ग्रे, धुसे, फुसे, जहाजी, चिनीकेरालगायत केराखेती गरेको जैमिनी नगरपालिकाका कृषि प्राविधिक रविन्द्र शर्मा बताउनुहुन्छ । कसैले व्यावसायिक खेती गरेका छन् भने केहीले आफ्नो थोरैथोरै जग्गामा दुई चार बोट मात्रै केरा लगाएर अम्दानीसँग जोडिएका छन् ।

बजारमा पनि पछिल्लो समय स्थानीय केराकै माग धेरै छ । स्थानीय जातको केरा पकाउनका लागि कुनै विषादीको प्रयोग गर्न नपर्ने र खाँदा स्वादिलो भएकाले केराको माग उच्च रहेको बागलुङ बजारका व्यवसायी सागर सुवेदीले बताउनुभयो । सुवेदीले भन्नुभयो, "यहाँको केरा पाकेपछि पनि लामो समय टिक्छ, घाटा हुँदैन । तराई र भारतको केराभन्दा व्यवसायी र उपभोक्ता दुवैलाई यो केरा फाइदा हुनेखालको छ ।" पछिल्लो समय केराको मूल्य बढाएरै किसानलाई भुक्तानी दिने गरिएको सुवेदीले बताउनुभयो । उहाँका अनुसार पछिल्लो एक वर्षयता बागलुङ बजारमा केराको माग स्थानीय केराले नै धानेको छ ।

बजारमा स्थानीय केराको मूल्यप्रति दर्जन रु. १२० देखि १८० सम्ममा बिक्री हुने गरेको छ । एकद रूपमा तराईबाट आउने केराको मूल्य भने प्रतिदर्जन २५० भन्दा धेरै छ । बागलुङ बजारमा दर्जन बढी होलसेल व्यापारीमार्फत दैनिक १०० कार्टुनभन्दा धेरै भारतीय केरा भित्रिने गरेको थियो ।

एक हजार ३०० देखि एक हजार ६०० प्रतिकार्टुन तिरेर यहाँका व्यवसायीले केरा खरिद गर्ने गरेका थिए । तर, अहिले त्यो सबै माग स्थानीय केराले धानेको स्थानीय थोक व्यवसायी खिमबहादुर केसीले बताउनुभयो । केसीले भन्नुभयो, "यति नै भनेर तथ्याङ्क राखिएको त छैन तर दैनिक दुई लाखमाथि केराको खरिदमा बाहिरिने गरेको थियो । मागेजति त पुगेको छैन, तर अहिले लोकल केराले अभाव हुन भने दिएको छैन ।"

बागलुङका स्थानीय सरकारले पनि केराखेतीको प्रवर्द्धनका लागि विभिन्न कार्यक्रम बनाएका छन् । जैमिनी नगरपालिकाले 'शेरा जाउँ केरा खाउँ' अभियान नै घोषणा गरेको छ । किसानलाई बीउ मल र बजारीकरणमा स्थानीय सरकारले सहयोग गर्ने गरेको जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले बताउनुभयो । **रासस**

**। सम्पादकीय ।**

# कम्युनिस्ट आन्दोलनको मूल आधार वर्गीय राजनीति

देश विकास गर्न र जनताको जीवन स्तर उठाउन देशका ठुला भनिने कम्युनिस्ट पार्टीहरूको हातमा सरकार नपुगेको होइन । सरकारमा जानु र सरकारको नेतृत्व गर्नु नै सबथोक ठानेर पुँजीवादी व्यवस्थाका कम्युनिस्ट शासकहरूले देश र जनता भुले । कम्युनिस्ट पार्टीको मूल उद्देश्य नै भुलेर पुँजीवादी पार्टीमा फसेपछि नेपालको कम्युनिस्ट पार्टी र आन्दोलन पछि पर्नु अस्वाभाविक होइन । कम्युनिस्ट पार्टीको सिद्धान्तलाई पाखामा थन्काएर पुँजीवादी बाटोमा लाग्नु या पुँजीवादी पार्टीसँग मिलेर सरकारको नेतृत्व गरेकोले एमाले र माओवादीको व्यापक विरोध भएको हो । त्यही विरोध या जनताको असन्तोषले प्रतिनिधिसभाको निर्वाचनमा एमाले र माओवादीको अधिकांश सांसद सङ्ख्या गुम्यो । २०७४ सालको निर्वाचनमा गठबन्धनका कारण सरकारमा जाने कम्युनिस्टहरूको झण्डै दुईतिहाइ मत आएको थियो । देश र जनताको सेवा गर्ने त्यो ठुलो अवसर थियो तर सरकार त्यो अवसरबाट चुक्यो ।

त्यो समय स्थिर सरकारको निम्ति बलियो आधार थियो । उनीहरूलाई समाजवाद उन्मुख देश बनाउन आवश्यक नीति, ऐन-कानुन बनाउने समय जुरेको थियो । आर्थिक समानता र शोषणरहित समाज स्थापना गर्न नसके पनि त्यसको पूर्वाधार तयार गर्न सक्थ्यो र जनताको विश्वास जित्न सक्थ्यो । कम्युनिस्टको सरकार स्थापना हुने बित्तिकै तत्काले सिद्धान्तअनुसार सबै काम गर्न सकिँदैन । कम्युनिस्टको सरकारको त्यसको खाका तयार गर्न सक्थ्यो । तर, त्यो सरकारले त्यतातर्फ पाइलै चालेन; अभ्यास नै गरेन । कम्युनिस्ट पार्टीले कम्युनिस्ट पार्टीको धर्म निर्वाह गरेन । यो विडम्बनाको विषय हो ।

सरकारको नेतृत्वमा पुगे पनि सिद्धान्त र विचारलाई व्यवहारमा लागू गरिएन भने, सत्तारुढ दलको स्पष्ट सिद्धान्त र विचार भएन भने सरकारले मार्ग निर्देश गर्न सक्दैन । सरकारको काम गतिलो हुँदैन । सरकारको काम व्यक्तिमुखी हुन्छ । मन्त्रिपरिषद्को निर्णयबिना सही गलत नहेरी धमाधम काम गर्न प्रमपछि पर्दैनन् । अहिले देशमा भइरहेको यस्तै हो । विगतको सरकारको नेतृत्व गर्ने दलको पथप्रदर्शक छ तर तद्नुसार काम भएन । अहिले त न दलको धारणा स्पष्ट छ न त दलको अवधारणाअनुसार काम भइरहेको छ । सार रूपमा समीक्षा गर्दा विगत र अहिले पनि देशको मुख्य समस्या सत्ताकेन्द्रित, वैचारिक अस्पष्टता र सङ्गठनात्मक कमजोरी देखिन्छ ।

पार्टीको प्रतिबद्धता, दिशा या घोषणापत्र दल या सरकारले काम गर्ने आधार हो । त्यो कागजमा मात्र सीमित भयो या व्यवहारमा ल्याइएन । स्वार्थकेन्द्रित राजनीति भयो भने समुदायको सेवा छायामा पर्छ । सत्तासीन दलहरूबिचको आन्तरिक कलह, शङ्का र एकले अर्कोलाई धोका देला कि भन्ने डर, अविश्वास र आफ्नै नेतृत्वमा हैकम चल्नुपर्छ भन्ने अहङ्कारले सरकारप्रति जनताको विरोध भएको हो; विगतको सरकार धरापमा परेको हो । विगतको यस्तै असन्तोष, वितृष्णा र अविश्वासले गर्दा नयाँ शक्तिको खोजी भयो र रास्वपाको नेतृत्वमा सरकार गठन भयो । विगतमा विचार र सिद्धान्त नमिलेको गठबन्धन सरकारले पनि शङ्काको घेरा बढायो । त्यही शङ्काले दल टुक्रियो र सरकारको नेतृत्व पनि हेरफेर भयो । एउटा दलले अर्को दललाई पछार्ने र आफ्नो नेतृत्वमा सरकार गठन गर्ने होडबाजी नै चल्यो ।

कम्युनिस्ट आन्दोलनको मूल आधार वर्गीय राजनीति हो । एमाले र माओवादीको नेतृत्वमा सरकार हुँदा कम्युनिस्ट पार्टीको सिद्धान्त र विचारअनुसार वर्गीय राजनीति भएन । जब दल या सरकारले आफ्नो मूल उद्देश्य नै छोड्छ तब त्यो सरकारले कसरी दिशा निर्देश गर्छ र गतिलो ढङ्गले काम गर्छ ? कम्युनिस्ट पार्टीले नै श्रमजीवी या कामदार वर्गको पक्षमा काम गरेन भने के नेकाले गर्छ ? के नेका सम्मिलित एमाले या माओवादीको नेतृत्वमा बनेको सरकारले गर्छ ? रास्वपाको सरकार पनि सही बाटोमा गएको देखिँदैन । दूरदृष्टि राखेर काम गर्नुपर्नेमा यो सरकार सतही ढङ्गले अघि बढेको छ । प्रम बालेन एकातिर र रास्वपाका मन्त्रीहरू या रास्वपा अर्कोतिर भइरहेको राजनीतिक विश्लेषकहरूको अभिमत छ । यो सरकार बालेनको हो कि रास्वपाको हो ? अन्योल छ । यस्तै किचलो, विवाद, अन्तरकलह, शङ्का, उपशङ्का र मनपरीले गर्दा मन्त्रिपरिषद्मा द्वन्द्व बढ्छ, द्वन्द्व चर्किन्छ र सरकार अप्ठेरोमा पर्छ । झन्डै दुईतिहाइ मत प्राप्त यो सरकारभित्र पनि आन्तरिक द्वन्द्व बढेको सुनिन्छ । यसबाट कुनै दिन सरकारको नेतृत्व परिवर्तन हुने हो कि भन्ने आशङ्का बढेको छ ।


# "समाजवादी विचार एवम् दृष्टिकोण 'श्रमिक' को मार्गदर्शक हो"


✍ अनुराधा थापामगर


**समाजवादी आस्था नै 'श्रमिक' को आस्था होत्र समाजवादी विचार एवम् दृष्टिकोण 'श्रमिक' को मार्गदर्शक हो । अर्थात्, नेमकिपाको आस्था नै हाम्रो आस्था होत्र नेमकिपाको आदर्श नै हाम्रो आदर्श हो । जनताको प्रजातन्त्र हुँदै समाजवाद र साम्यवादमा पुग्ने वा आमूल परिवर्तन गर्ने नेमकिपाको उद्देश्य पूरा गर्न पृष्ठभूमि तयार गर्नुलाई 'श्रमिक' परिवार आफ्नो कर्तव्य ठान्दछ ।**




राज्यको चौथो अङ्गको भूमिका इमानदारीसाथ निर्वाह गर्दै पत्रकारिता क्षेत्रमा 'श्रमिक' साप्ताहिक प्रखर प्रतिपक्षको भूमिकामा उभिएको छ । सूचना मात्र होइन, ज्ञान दिने हाम्रो उद्देश्य हो; जनसरोकार नै हाम्रा विषय हुन्; आवाजविहीनहरूको आवाज बन्नु हाम्रो लक्ष्य हो; सम्बन्धित निकाय र जनताबिचको पुल बन्ने प्रयासलाई हामीले निरन्तरता दिइरहेका छौँ; जनधारणा निर्माण गर्न हामी क्रियाशील छौँ; समाज र देशको पहरेदार बनी जनताको वास्तविक प्रतिनिधि बन्ने हाम्रो सङ्कल्पलाई हामीले उँचो राख्दै अघि बढिरहेका छौँ । नेपालको जनपक्षीय साँचो इतिहास लेखनमा कसैले 'श्रमिक' साप्ताहिकका पानाहरू पल्टाउन छुटाएमा त्यो अधुरो हुने विश्लेषकहरूको भनाइ पनि हामी स्मरण गरिरहेका छौँ । यसरी देश र जनताको सेवामा कलम चलाउनुलाई 'श्रमिक' ले प्राथमिकता दिएको




**तर, शासक दलहरूले जनताको पक्षमा लेखिएका विचारमाथि प्रतिबन्धका अनेक दाउपेच लगाएर छर्न खोजेको भ्रान्तिले साँचो क्रान्तिलाई रोक्न-छेक्न नसक्नेमा हामी प्रस्ट छौँ । 'श्रमिक' साप्ताहिक त्यो क्रान्तिकारी विचारको प्रतिनिधित्व गर्दै अविरल वा अविराम अनि अविचलित यात्रा तय गरेर विगत तीन दशकदेखि लम्किरहेको सर्वविदित नै छ ।**

छ; जनतालाई राजनीतिक रूपले सचेत र शिक्षित बनाउनुलाई 'श्रमिक' ले पत्रकारिताको धर्म सम्झेको छ ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष श्रद्धेय नारायणमान बिजुक्छेँ (रोहित) ले आस्था र विचारको पत्रकारिता गर्नुपर्ने विषयमा जोड दिनुभएको स्मरणीय छ । यस अर्थमा समाजवादी आस्था नै 'श्रमिक' को आस्था हो; समाजवादी विचार एवम् दृष्टिकोण 'श्रमिक' को मार्गदर्शक हो । अर्थात्, नेमकिपाको आस्था नै हाम्रो आस्था हो; नेमकिपाको आदर्श नै हाम्रो आदर्श हो । जनताको प्रजातन्त्र हुँदै समाजवाद र साम्यवादमा पुग्ने वा आमूल परिवर्तन गर्ने नेमकिपाको उद्देश्य पूरा गर्न पृष्ठभूमि तयार गर्नुलाई 'श्रमिक' परिवार आफ्नो कर्तव्य ठान्दछ ।

'श्रमिक' साप्ताहिकले आफ्ना लेख-रचनामार्फत विचारशून्य अवस्थामा पुगेर सत्तामा कुहिरोका कागझैँ बनेर बसेका शासक दलहरूलाई सैद्धान्तिक-वैचारिक आलोचनासँगै देश र जनताको हितमा गर्नुपर्ने काम-कारबाहीका विषयमा सही मार्ग पहिल्याउने अनेक उपाय पनि दिँदै आएको छ । यदि शासक दलहरूले देश र जनताको पक्षमा हाम्रा ती उपायहरूलाई थोरै मात्र भए पनि लागू गरेको भए देश आज भयावह अवस्था र विध्वंसको सङ्घारमा उभिने थिएन । शासक दलहरूले देश र जनताको समस्या समाधानलाई बेवास्ता मात्र गरेनन्; देशका नदीनाला एक-एक गर्दै भारतीय एकाधिकार पुँजीको पोल्टामा सुम्पे; विस्तारवादी भारतीय शासकहरूकै सेवालाई प्राथमिकता दिए; जनताको नागरिक भावनालाई कमजोर पार्दै विदेशी हस्तक्षेपलाई बलियो बनाए; एमसीसीजस्ता देशघाती सन्धि-सम्झौतालाई अघि बढाई देशको सार्वभौमिकता धरापमा पारे । आज ती देशघाती पुराना शासक दलहरू र एमसीसी-एसपीपीलगायत अन्य देशघाती सन्धि-सम्झौता खारेजीलाई प्राथमिकतामा नराखी अघि बढिरहेको 'अमेरिकी युथ काउन्सिल', 'बारबरा फाउन्डेसन', 'हामी नेपाल' लगायत संस्थासँग साइनो जोडिएका नयाँ भनिएका शासक दलहरू एउटै आमाको कोखबाट अर्थात् पुँजीवादी व्यवस्थाबाट जन्मिएका जुम्ल्याहा दाजुभाइ त होइनन् ? यो आशङ्का छापा मिडियामा मात्र होइन, सचेत नेपालीले सामाजिक सञ्जालमा पनि व्यक्त गरिरहेका छन् । एसपीपीलगायत अन्य देशघाती सन्धि-सम्झौता अघि बढाई विदेशीकै सेवा गर्न नयाँ पुस्तालाई सत्तामा पुग्ने हतियार त बनाइएन ? यो विषयमा पनि आज चर्को बहस भइरहेको हामी सुन्दै छौँ ।

हिजो तानाशाही राणा शासनकालमा जनताको बोली दमन गर्न गोली चलाइयो; निरङ्कुश पञ्चायती शासनमा जनताका पक्षमा चल्ने कलममाथि समेत बन्देज लगाई प्रजातन्त्रलाई दलनको अवस्थामा पुऱ्याइयो । आज जनताका आवाज र जनपक्षमा उठेका विचार वा फरक मत दबाउन प्रचारको एउटा माध्यम सामाजिक सञ्जालमा शासक दलहरूले दमनको निकृष्ट शैली प्रस्तुत गरिरहेका छन् । यसले अत्याचारी राणा शासन र निरङ्कुश पञ्चायती व्यवस्थाको आधुनिक संस्करणको झल्को दिइरहेको अनुभूति सर्वसाधारणले गरिरहेका छन् ।

तर, शासक दलहरूले जनताको पक्षमा लेखिएका विचारमाथि प्रतिबन्धका अनेक दाउपेच लगाएर छर्न खोजेको भ्रान्तिले साँचो क्रान्तिलाई रोक्न-छेक्न नसक्नेमा हामी प्रस्ट छौँ । 'श्रमिक' साप्ताहिक त्यो क्रान्तिकारी विचारको प्रतिनिधित्व गर्दै अविरल वा अविराम अनि अविचलित यात्रा तय गरेर विगत तीन दशकदेखि लम्किरहेको सर्वविदित नै छ ।

देश र जनताको इमानदारीपूर्वक सेवा गर्दै अघि बढिरहेको 'श्रमिक' साप्ताहिकले यसअघि २ वटा 'सम्पादकीय सङ्कलन' पुस्तक सार्वजनिक गरिसकेको विदित नै छ । पार्टीको आठौँ महाधिवेशनको उद्घाटन सत्रमा सार्वजनिक गरिएको पहिलो खण्डमा २०७२ देखि २०७६ सालसम्मका सम्पादकीय सङ्कलित छन् भने पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा २०७६-२०७८ सालसम्मका सम्पादकीयहरूलाई सङ्ग्रहित गरी दोस्रो खण्ड सार्वजनिक गरिएको थियो । तेस्रो खण्ड आज विमोचन गर्दै छौँ ।

यसरी नै समसामयिक टिप्पणीको रूपमा 'श्रमिक' को अन्तिम पृष्ठमा प्रकाशित हुने 'एकक्षण' लाई पुस्तकाकारमा आज सार्वजनिक गर्दै छौँ । यसमा २०७२ सालदेखि २०७५ सम्मका लेखहरू सङ्ग्रहित छन् । यी पुस्तकहरू हरेक राजनीतिक कार्यकर्ताका निमित्त निकै महत्त्वपूर्ण दस्तावेज तथा सर्वसाधारणका निमित्त ज्ञानका निकै गहकिला खुराक बन्न सक्नेमा हामी विश्वस्त छौँ ।

पुस्तक सार्वजनिकीकरणपछि आज टिप्पणीकारहरूले प्रदान गर्नुहुने महत्त्वपूर्ण सल्लाह, सुझाव र पछि अध्ययन-गोष्ठी, अन्तरक्रियाबाट प्राप्त हुने सल्लाह सुझावले हामीलाई हाम्रा कमीकमजोरी केलाउन अवसर मिल्ने अपेक्षा पनि गरेका छौँ ।

*(वैशाख १९ गते आयोजित 'सम्पादकीय सङ्कलन' (तेस्रो खण्ड) र समसामयिक टिप्पणी सङ्कलन 'एकक्षण' पुस्तक सार्वजनिकीकरण कार्यक्रममा व्यक्त मन्तव्यको सार सङ्क्षेप)*

# यस्ता हुनुहुन्थ्यो - कार्ल मार्क्स

✍ पौल लाफार्ज

*“उनी एक मानिस थिए,*
*सबै कोणबाट असल*
*उनीजस्तो अरू कोही,*
*अब म देख्ने छैन ।”*
*(ह्याम्लेट, दृश्य १, अङ्क २)*

कार्ल मार्क्ससँग मेरो पहिलो भेट सन् १८६५ को फेब्रुअरीमा भयो । सन् १८६४ सेप्टेम्बर २८ मा लन्डनको सेन्ट मार्टिन हलमा एउटा भेला भयो । त्यो भेलाबाट प्रथम इन्टरनेसनल गठन भयो । मार्क्सलाई नयाँ सङ्गठन बनेको खबर दिन म लन्डनबाट पेरिस गएँ । एम. टोलेनले मेरो परिचय खुलाएर पत्र लेखिदिनुभएको थियो । अहिले उहाँ पुँजीवादी गणतन्त्रका सिनेटर हुनुहुन्छ ।

त्यो बेला म २४ वर्षको थिएँ । मार्क्ससँगको त्यो पहिलो भेटले मनमा गहिरो छाप पार्‍यो । यो जुनीमा त्यसको झल्को मेटिनेछैन । त्यो बेला मार्क्स बिरामी हुनुहुन्थ्यो । ‘पुँजी’ को पहिलो खण्ड लेखिरहनुभएको थियो । दुई वर्षपछि सन् १८६७ मा गएर त्यो ग्रन्थ छापियो । उहाँलाई किताब लेखेर सिध्याउन्न कि भन्ने पीर थियो । त्यसैले, नवयुवाहरू भेट्न जाँदा रमाउनुहुन्थ्यो । उहाँ भन्नुहुन्थ्यो, “मैले आफ्नो सेखपछि कम्युनिस्ट प्रचारप्रसार जारी राख्ने व्यक्तिहरूलाई तालिम दिनुपर्छ ।”

कार्ल मार्क्स एक दुर्लभ व्यक्ति हुनुहुन्थ्यो । उहाँ एकैबाजि विज्ञान र सार्वजनिक जीवन दुवैको नेता बन्नुभयो । यी दुई पक्ष उहाँको व्यक्तित्वका अभिन्न अङ्ग थिए । उहाँ एक विद्वान र समाजवादी योद्धा हुनुहुन्थ्यो । यी दुई पक्षलाई ध्यानमा नराखी उहाँलाई बुझ्न सकिन्न ।

कार्ल मार्क्स विज्ञानलाई जस्तो छ त्यस्तै हेर्नुपर्छ, अध्ययन गर्दै जाँदा जेजस्तो परिणाम आए पनि स्वीकार्नुपर्छ भन्नुहुन्थ्यो । सार्वजनिक जीवनमा सक्रिय सहभागी नभई महको माखो जस्तो आफूलाई केवल अध्ययन कोठा वा प्रयोगशालामा थुनेर अनि आफ्ना दौँतरीहरूको राजनीतिक सङ्घर्ष वा जीवनबाट आफूलाई अलग्ग राखेर एक वैज्ञानिकले आफ्नो स्तर खस्काउन मात्र सक्छ भन्नुहुन्थ्यो ।

उहाँ भन्नुहुन्थ्यो, “विज्ञान आत्मरति हुनुहुँदैन । आफूलाई वैज्ञानिक खोजबिनमा समर्पित गर्ने सौभाग्य कमैले पाउँछन् । जसले पाउँछ, तिनले आफ्नो ज्ञानलाई मानव जातिको सेवामा लगाउन अघि सर्नुपर्छ ।” उहाँको प्रिय भनाइ थियो - “मानव जातिको निम्ति काम गर ।”

कामदार जनताको दु:खप्रति मार्क्सको गहिरो सहानुभूति थियो । तैपनि, भावुकताले नभई इतिहास र राजनीतिक अर्थशास्त्रको अध्ययनले उहाँलाई कम्युनिस्ट विचारसम्म पुर्‍याएको थियो । निजी स्वार्थको प्रभावमा नपरेको र वर्गीय पूर्वाग्रहले आँखा नटालेको जुनसुकै व्यक्ति यही निष्कर्षमा पुग्ने उहाँ बताइरहनुहुन्थ्यो ।

मार्क्सले पूर्वाग्रह नराखी मानव समाजको आर्थिक र राजनीतिक विकासको अध्ययन गर्नुभयो । तर, आफ्नो अध्ययनको निष्कर्ष लेख्दै गर्दा उहाँ एकदम प्रतिबद्ध हुनुहुन्थ्यो । उहाँले कल्पनाको बादलमा रुमल्लिएको सामाजिक आन्दोलनलाई वैज्ञानिक आधार प्रदान गर्ने उद्देश्यले मात्र लेख्नुभयो । उहाँले केवल कामदारवर्गको विजयलाई मलजल गर्न आफ्नो विचार प्रचारप्रसार गर्नुभयो । समाजको राजनीतिक र आर्थिक नेतृत्व हासिल गरेपछि साम्यवाद स्थापना गर्नु यो वर्गको ऐतिहासिक मिसन हो ।

मार्क्सले आफू जन्मेको देशमा मात्र गतिविधि गर्नुभएन । उहाँ भन्नुहुन्थ्यो, “म विश्वको नागरिक हुँ । जहाँ हुन्छु, त्यही सक्रिय रहन्छु ।” हुन पनि विभिन्न राजनीतिक घटनाक्रमले गर्दा फ्रान्स, बेल्जियम, बेलायत जहाँ जानुपरे पनि उहाँले त्यहाँ भइरहेका क्रान्तिकारी आन्दोलनहरूमा अहम् भूमिका खेल्नुभयो ।

पहिलोपल्ट भेट्दा मैले मार्क्सलाई एक अथक र अतुलनीय समाजवादी योद्धाभन्दा पनि एक वैज्ञानिक पाएँ । माइल्यान्ड पार्क सडकमा रहेको उहाँको अध्ययन कोठा सभ्य जगतका सबै मुलुकबाट आएका पार्टी कामरेडहरूको केन्द्र थियो । मानिसहरू समाजवादी विचारका गुरुको विचार बुझ्न त्यहाँ आइरहन्थे । मार्क्सको आत्मिक जीवनमा पस्नुअघि उहाँको त्यो ऐतिहासिक कोठालाई चिन्न जरुरी छ ।

त्यो कोठा पहिलो तलामा थियो । कोठामा पार्कतिर फर्केको बडेमानको झ्याल थियो । त्यहाँबाट भित्रिने प्रकाशले कोठा नै उज्यालो हुन्थ्यो । वल्लो भित्तामा मकल थियो र छेउका दुवै भित्तामा किताब राख्ने दराज थिए । दराजमा टन्नै पुस्तक थिए; पत्रपत्रिका र पाण्डुलिपिहरूको छत छुने चाङ थियो । कोठाको बिचमा पुग्दो प्रकाश थियो । त्यहाँ एउटा सानो, सादा टेबल र काठको कुर्सी थियो । कुर्सी र किताबको दराजबिच, झ्यालको ठीक अघिल्तिर एउटा लेदरको सोफा थियो । बेलाबेला मार्क्स त्यहीँ सुस्ताउनुहुन्थ्यो । मकलमाथि फलेकमा पुस्तक, सिगार, सलाइ, सुर्तीका बट्टा, पेपन-वेट र मार्क्सका छोरी, जहान, विल्हेल्म वुल्फ र फ्रेडरिख एङ्गेल्सका तस्बिर थिए ।

मार्क्स अम्मली हुनुहुन्थ्यो । एकपल्ट उहाँले मसँग भन्नुभयो, “‘पुँजी’ बाट जति कमाइ भयो, त्यसले त किताब लेख्ने बेला मैले खाएको सिगारको खर्चसमेत उठ्दैन ।” सिगारको भन्दा ठूलो खर्च सलाइमा जान्थ्यो । उहाँ बरोबर आफ्नो सिगार वा पाइप रित्तिएको बिर्सनुहुन्थ्यो र बेलाबेला त्यसलाई सल्काउन सलाइका काँटी बालेर खेर फाल्नुहुन्थ्यो ।

उहाँले कसैलाई पनि आफ्ना किताब वा पत्रपत्रिका मिलाउन दिनुहुन्नथ्यो । अरूले मिलाउनुको अर्थ बिगार्नु हुन्थ्यो । ती किताब वा पत्रपत्रिका छरपस्ट भएजस्ता देखिन्थे । तर, ती सबै आआफ्ना ठाउँमा हुन्थे र आफूले चाहेको किताब वा नोटबुक मार्क्सले सजिलै भेट्नुहुन्थ्यो । कुराकानीको बेला समेत उहाँ बिचमै रोकिनुहुन्थ्यो र आफूले भर्खरै नाम लिएको किताबबाट उद्धरण वा तथ्याङ्क देखाउनुहुन्थ्यो । आफ्नो अध्ययन कोठासँग उहाँ नङमासु हुनुहुन्थ्यो । कोठाका किताब र पत्रपत्रिका मानौँ उहाँको हातमा थिए ।



किताब व्यवस्थापन गर्ने औपचारिक सूत्रको उहाँलाई काम थिएन । फरक आकार प्रकारका किताब र पर्चाहरू सँगै चाङ लागेका हुन्थे । उहाँ तिनलाई विषयवस्तुअनुसार मिलाउनुहुन्थ्यो । आकार हेर्नुहुन्थेन । किताब उहाँको दिमागका लागि औजार थिए, विलाशका साधन थिएनन् । उहाँ भन्नुहुन्थ्यो, “यिनीहरू मेरा सेवक हुन् र यिनले मैले चाहे अनुसार मेरो सेवा गर्नुपर्छ ।” उहाँ किताबको आकार वा मोटाइ, कागतको गुणस्तर वा प्रकारलाई महत्त्व दिनुहुन्नथ्यो । उहाँले पानाका कुनाहरू मोड्नुहुन्थ्यो, छेउमा पेन्सिलले चिह्न लगाउनुहुन्थ्यो र वाक्यलाई अन्डरलाइन गर्नुहुन्थ्यो । उहाँले कहिल्यै किताबमा लेख्नुभएन । तर, कहिलेकाहीँ लेखकले सीमा पार गर्दा मन थाम्न नसकी विस्मय वा प्रश्न चिह्न लगाउनुहुन्थ्यो । अन्डरलाइन गर्ने विधिले गर्दा उहाँले कुनै पनि पुस्तकमा चाहेको अनुच्छेद सजिलै खोज्न सक्नुहुन्थ्यो । उहाँ आफ्नो नोटबुक पल्टाइरहनुहुन्थ्यो र किताबमा अन्डरलाइन गरेका अनुच्छेदहरू पढिरहनुहुन्थ्यो । यी कुरा स्मरणमा राखिरहन उहाँ केही वर्षको अन्तरालमा यसो गरिरहनुहुन्थ्यो । उहाँको स्मरण शक्ति अत्यन्त भरपर्दो थियो । (दार्शनिक) हेगेलको सल्लाहअनुसार युवा उमेरबाटै उहाँले यो क्षमता बलियो पार्दै आउनुभएको थियो । यसको लागि उहाँले आफूले नबुझ्ने विदेशी भाषाका कविता कण्ठस्थ पार्नुहुन्थ्यो ।

मार्क्सलाई हाइने र गोथेजस्ता कविका कविता कण्ठस्थ थिए । कुराकानी गर्दा प्राय: तिनका हरफ सुनाउनुहुन्थ्यो । युरोपका सबै भाषाका कविहरू पढ्ने परिश्रमी पाठक हुनुहुन्थ्यो । हरेक वर्ष उहाँ एस्किलिजका कविता मूल ग्रीक भाषामा पढ्नुहुन्थ्यो । एस्किलिज र शेक्सपियरलाई उहाँ मानव जातिले जन्माएका महानम नाट्य प्रतिभा मान्नुहुन्थ्यो । शेक्सपियरलाई उहाँ असीम सम्मान गर्नुहुन्थ्यो । उनका रचनाहरूको केस्राकेस्रा केलाउनुभएको थियो मार्क्सले । शेक्सपियरका एकदम नगन्य पात्रबारे समेत उहाँलाई थाहा थियो । खासमा उहाँको पूरै परिवार ती अङ्ग्रेज नाटककारका भक्त थिए । मार्क्सका तीन जना छोरीलाई शेक्सपियरका धेरै नाटकहरू कण्ठस्थ थिए । अङ्ग्रेजी पढ्न जान्दाजान्दै पनि सन् १८४८ मा मार्क्सले आफ्नो भाषिक ज्ञान माझ्न चाहनुभयो । यसको लागि उहाँले शेक्सपियरका मूल भनाइहरू जम्मा गर्नुभयो र तिनलाई वर्गीकरण गर्नुभयो । यसरी नै उहाँले विलियम कोबेटका व्यङ्ग्य रचनाहरू सङ्कलन गर्नुभयो । कोबेटलाई उहाँ सम्मान गर्नुहुन्थ्यो । दाँते र रोबर्ट बर्न्स उहाँका प्रिय कवि थिए । छोरीहरूले ती स्कट कवि बर्न्सका हास्यव्यङ्ग्य वा लोकगीत सुनाउँदा उहाँ असाध्यै रमाइलो मान्नुहुन्थ्यो ।

कुभियर विज्ञानका अथक कामदार र विज्ञ थिए । उनी पेरिस म्युजियमका निर्देशक थिए । उनको निजी प्रयोगका लागि त्यहाँ अनेक कोठा थिए । प्रत्येक कोठा एउटा न एउटा कामका लागि तयार गरिएको थियो । एउटा कोठामा एउटै विषयसँग सम्बन्धित किताब, उपकरण, चिरफारका सामग्री आदि राखिएको हुन्थ्यो । एउटा कामबाट थाकेपछि उनी अर्को कोठामा जान्थे र अर्को काममा मग्न हुन्थे । भनिन्छ, मानसिक पेसाको यो सामान्य बदलाव नै उनको लागि आराम थियो ।

मार्क्स पनि कुभियरजस्तै अथक कामदार हुनुहुन्थ्यो । तर, चौतर्फी अध्ययनका लागि उहाँसँग कुभियरको जस्तो जोरजाम थिएन । उहाँ कोठाभित्र ओहोरदोहोर गरेर आराम गर्नुहुन्थ्यो । मैदानमा बारम्बार ओहोरदोहोर गर्दा गोरेटो बने जस्तो ढोकादेखि झ्यालसम्म भुइँमा एउटा खुइलिएको डोरो बनेको थियो ।

बेलाबेला उहाँ सोफामा पल्टिनुहुन्थ्यो र उपन्यास पढ्नुहुन्थ्यो । कहिलेकसो आलोपालो एकैपल्ट दुई-तीन उपन्यास पढ्नुहुन्थ्यो । डार्विनजस्तै उहाँ उपन्यासका जब्बर पाठक हुनुहुन्थ्यो । उहाँ अठारौँ शताब्दीका उपन्यास रुचाउनुहुन्थ्यो । फिल्डिङको ‘टम जोन्स’ उहाँलाई मनपर्ने उपन्यास थियो । पाउल डि कक, चार्ल्स लिभर, अलेक्जान्डर डुमा र वाल्टर स्कट जस्ता आधुनिक उपन्यासकारलाई उहाँ असाध्यै रुचाउनुहुन्थ्यो । स्कटको उपन्यास ‘पुरानो सदाचार’ लाई उहाँ उत्कृष्ट मान्नुहुन्थ्यो । उहाँलाई साहसी र हास्य कथाहरू मन पर्थ्यो ।

सेर्वान्तेस र बाल्जाकलाई उहाँले अरू उपन्यासकारभन्दा माथि राख्नुभयो । डन किहोतेमा उहाँले एक मर्दै गरेको घोडचढी योद्धाको रामकहानी देख्नुभयो । उदाउँदो पुँजीवादी संसारले किहोतेको सदाचारलाई मजाक बनायो र उपहास गर्‍यो । मार्क्स बाल्जाकलाई औधी मन पराउनुहुन्थ्यो । त्यसैले, मार्क्सले अर्थशास्त्रको किताब लेखेर भ्याएपछि बाल्जाकको महान् रचना ‘ह्युमन कमेडी’ को समीक्षा लेख्ने मन बनाउनुभएको थियो । उहाँको नजरमा बाल्जाक आफ्नो युगको इतिहासकार मात्र होइन, भविष्यमा देखा पर्ने पात्रहरूका स्रष्टा पनि थिए । लुइ फिलिपको शासनकालमा ती पात्र गर्भमै थिए । तर, बाल्जाकको मृत्युपछि नेपोलियन तृतीयको शासनकालमा समाजमा त्यस्ता पात्रहरू देखिन थाले ।

मार्क्सले युरोपका सबै भाषा पढ्न सक्नुहुन्थ्यो । जर्मन, फ्रेन्च र अङ्ग्रेजी भाषामा भने उहाँ भाषाविद्हरूले तारिफ गर्ने स्तरमा लेख्न पनि सक्नुहुन्थ्यो । एउटा भनाइ उहाँ बरोबर दोहोर्‍याउनुहुन्थ्यो, “जीवन सङ्ग्राममा विदेशी भाषा एउटा हतियार हो ।”

भाषामा उहाँको दक्खल थियो । त्यो गुण उहाँका छोरीहरूले पनि वारेसमा पाए । ५० वर्षको उमेरमा उहाँले रुसी भाषाको अध्ययन सुरु गर्नुभयो । उहाँले जान्ने युरोपका आधुनिक र प्राचीन भाषासँग त्यो भाषाको कुनै साइनो थिएन । तैपनि, ६ महिनामै उहाँ रुसी कवि र गद्य लेखकहरूका रचनाको स्वाद लिन सक्ने बन्नुभयो । रुसी साहित्यकारमा उहाँ पुश्किन, गोगोल र श्चेद्रिनका रचना रुचाउनुहुन्थ्यो । रुस सरकारका आधिकारिक दस्ताबेजहरू पढ्नका लागि उहाँले रुसी भाषा सिक्नुभएको थियो । किनभने, ती दस्ताबेजमा राजनीतिक जानकारी भेटिन्थे । मार्क्सका लागि उहाँलाई आदर गर्ने साथीहरूले ती दस्ताबेज झिकाउँथे । उहाँ पश्चिम युरोपमा ती दस्ताबेजको जानकारी राख्ने एकमात्र राजनीतिक अर्थशास्त्री हुनुहुन्थ्यो ।

कवि र उपन्यासकारका अलावा बौद्धिक आराम गर्ने मार्क्सको अर्को गजबको तरिका थियो - गणित । गणितप्रति उहाँको विशेष मोह थियो । बीजगणितले उहाँलाई नैतिक सान्त्वना दिन्थ्यो । जीवनका उकालीओरालीमा एकदम निरास भएको बेला उहाँ गणितको शरण पर्नुहुन्थ्यो । आफ्नी जहान अन्तिम पल्ट बिरामी पर्दा उहाँ आफ्नो वैज्ञानिक अनुसन्धानमा समर्पित हुन पाउनुभएन । जहानको पीडाबाट उहाँ मर्माहत हुनुभयो । त्यसबाट पार पाउने एउटै सहारा गणित बन्यो । गणितकै मद्दतले उहाँ त्यो कुण्ठाबाट बाहिरिनुभयो । त्यो नैतिक सकसको बेला उहाँले ‘सूक्ष्म क्याल्कुलस’ को विषयमा एउटा किताब लेख्नुभयो । विज्ञहरूले यसलाई वैज्ञानिक महत्त्वको महान् कृति भनेका छन् । उहाँको सङ्कलित रचनामा यो पनि छापिनेछ । उन्नत गणितमा उहाँले द्वन्द्वात्मक गतिको सबैभन्दा तर्कसङ्गत र सबैभन्दा सरल रूप देख्नुभयो । उहाँको विचारमा गणितको प्रयोग गर्न नसिकेसम्म कुनै पनि विज्ञान साँचो अर्थमा विकसित हुँदैन ।

मार्क्सको पुस्तकालयमा आजीवन अनुसन्धान गर्दा सावधानीपूर्वक जम्मा गरेका हजारौँ पुस्तक थिए । तर, त्यो सङ्ग्रह पुग्दो थिएन । वर्षौँसम्म उहाँ ब्रिटिश म्युजियममा नियमित जानुभयो । त्यहाँको क्याटलगप्रति उहाँको उच्च सम्मान थियो ।


मार्क्सको विद्वता केवल राजनीतिक अर्थशास्त्रमा सीमित थिएन । सबैजसो देशका इतिहास, दर्शन र साहित्यमा उहाँको दखल थियो । मार्क्सका विरोधीहरू उहाँको त्यो फराकिलो र गहिरो विद्वतालाई कदर गर्न बाध्य थिए ।

राति अबेला सुत्न गए पनि मार्क्स बिहान ८ देखि ९ बजेसम्म उठिसक्नुहुन्थ्यो । त्यसपछि कालो कफी पिएर अखबार पढ्नुहुन्थ्यो र अध्ययन कोठामा जानुहुन्थ्यो । त्यहाँ उहाँ राति २-३ बजेसम्म काम गर्नुहुन्थ्यो । खाना खाने बेला मात्र उहाँ रोकिनुहुन्थ्यो । मौसमले साथ दिए साँझपख उहाँ ह्याम्पस्टिड हिथतिर टहलिन जानुहुन्थ्यो । कहिलेकाहीँ दिउँसोपख एक-दुई घण्टा सोफामा सुत्नुहुन्थ्यो । जवान छँदा प्राय: रातभरि जागै रहेर काम गर्नुहुन्थ्यो ।

**(बाँकी भोलि । मोहिनी)**



# पेइचिङ भेटमा इरान–चीन संवाद



बेइजिङ, २३ वैशाख (एएनआई) । पश्चिम एसियामा बढ्दो अस्थिरता र विश्वशक्ति सन्तुलनको बदलिँदो समीकरणबिच इरानले आफ्नो कूटनीतिक सक्रियता तीव्र बनाएको छ । यही सन्दर्भमा इरानका विदेशमन्त्री अब्बास अराघचीले बेइजिङमा चिनियाँ समकक्षी वाङ यीसँग उच्चस्तरीय भेटवार्ता गर्दै द्विपक्षीय सम्बन्ध विस्तारदेखि क्षेत्रीय सङ्कटसम्मका विषयमा गहन छलफल गर्नुभएको छ ।

चिनियाँ विदेशमन्त्री वाङ यीको निमन्त्रणामा बुधबार बेइजिङ पुग्नुभएका अराघचीको यो भ्रमणलाई तेहरानको सक्रिय कूटनीतिक पहलका रूपमा हेरिएको छ । इरानको सरकारी प्रसारण संस्था इस्लामिक रिपब्लिक अफ इरान ब्रोडकास्टिङ (आइआरआइबी) का अनुसार, पश्चिम एसियामा तीव्र बन्दै गएको तनाव र अन्तर्राष्ट्रिय घटनाक्रमलाई ध्यानमा राख्दै यो भ्रमण आयोजना गरिएको हो ।

चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताले सामाजिक सञ्जालमार्फत भेटको पुष्टि गर्दै दुवै पक्षले वर्तमान भूराजनीतिक अवस्थाबारे विचार आदानप्रदान गर्ने बताए । अराघचीले पनि आफ्नो भ्रमणलाई 'विश्वका साझेदारहरूसँग जारी कूटनीतिक परामर्श' को हिस्सा भएको उल्लेख गर्दै द्विपक्षीय सहकार्य र क्षेत्रीय स्थिरता दुवैमा केन्द्रित रहने बताउनुभयो ।

बेइजिङको यो भ्रमण अराघचीको हालै सम्पन्न बहु–देशीय कूटनीतिक यात्राको निरन्तरता हो । उहाँले यसअघि पाकिस्तान, ओमान र रुसको भ्रमण गरिसक्नुभएको थियो, जसलाई पश्चिम एसियाली तनावबिच समर्थन जुटाउने इरानको रणनीतिक प्रयासका रूपमा विश्लेषण गरिएको छ ।

रुसको सेन्ट पिटर्सबर्ग भ्रमणका क्रममा अराघचीले राष्ट्रपति भ्लादिमिर पुटिनसँग भेट गर्नुभएको थियो । रूसी समाचार संस्था तासका अनुसार उक्त भेटमा पुटिनले मध्यपूर्वमा चाँडो शान्ति स्थापनाका लागि रुसले आफ्नो तर्फबाट सक्दो पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । साथै उहाँले इरानी जनताको सार्वभौमसत्ताको पक्षमा 'साहसिक रूपमा उभिएको' भन्दै प्रशंसा पनि गर्नुभएको थियो ।

ती वार्ताहरूमा अराघचीले विशेषगरी संयुक्त राज्य अमेरिका र इजरायल संलग्न गतिविधिलाई 'युद्ध र आक्रामकता' को रूपमा व्याख्या गर्दै त्यसबारे चिन्ता व्यक्त गर्नुभएको थियो । पुटिनले रुस इरानको हितको पक्षमा उभिने र क्षेत्रीय शान्ति पुनःस्थापनामा सहयोग गर्ने आश्वासन दिनुभएको बताइएको छ । यसले तेहरान–मस्कोबिचको रणनीतिक निकटतालाई थप स्पष्ट पारेको छ ।

यसअघि पाकिस्तान भ्रमणका क्रममा अराघचीले त्यहाँका अधिकारीहरूसँग पछिल्ला घटनाक्रम र इरान–अमेरिका सम्भावित वार्ताका सर्तहरूबारे छलफल गर्नुभएको थियो । उहाँले इस्लामाबादमा भएका परामर्शहरूलाई 'धेरै फलदायी' भएको बताउनुभएको थियो ।

त्यसपछि ओमानको राजधानी मस्कटमा भएको भेटवार्तामा समुद्री सुरक्षालाई प्राथमिकता दिइएको थियो । विशेषगरी स्ट्रेट अफ हर्मुजको रणनीतिक महत्त्वबारे छलफल केन्द्रित रहेको थियो । स्ट्रेट अफ हर्मुजलाई विश्व ऊर्जा आपूर्तिका लागि अत्यन्त महत्त्वपूर्ण मार्ग मानिन्छ । इरना समाचार एजेन्सीका अनुसार अराघचीले इरान र ओमान दुवै यस जलघाँटीका तटीय राष्ट्र भएकाले पारस्परिक समन्वय अपरिहार्य रहेको बताउनुभएको थियो ।

यी सम्पूर्ण कूटनीतिक पहलहरूले महत्त्वपूर्ण समुद्री मार्ग र क्षेत्रीय प्रभावमाथिको नियन्त्रणलाई लिएर संयुक्त राज्य अमेरिकासँग जारी शक्ति प्रतिस्पर्धाको सन्दर्भमा इरानले आफ्ना साझेदारहरूसँग सम्बन्ध सुदृढ पार्ने प्रयास गरिरहेको सङ्केत गर्छन् ।

# हर्मुजमा इरानको नयाँ नियन्त्रण नीति लागू

तेहरान, २३ वैशाख (एएनआई) । विश्व ऊर्जा आपूर्तिको सबैभन्दा संवेदनशील समुद्री मार्गमध्ये एक मानिने स्ट्रेट अफ हर्मुजमा इरानले आफ्नो नियन्त्रण थप कडा बनाउँदै जहाजहरूको आवागमनमा नयाँ 'सार्वभौम' नियम लागू गरेको छ । अब उक्त जलघाँटी पार गर्नुअघि सबै अन्तर्राष्ट्रिय जहाजहरूले अनिवार्य रूपमा पूर्व अनुमति लिनुपर्ने व्यवस्था लागू गरिएको छ ।

इरानको राज्य सञ्चालित प्रेस टिभीका अनुसार नयाँ प्रणालीअन्तर्गत हर्मुज हुँदै यात्रा गर्न चाहने शिपिङ कम्पनीहरूले पर्सियन गल्फ स्ट्रेट अथोरिटी (पिजिएसए) सँग सम्बन्धित निकायबाट विद्युतीय निर्देशन प्राप्त गर्नुपर्नेछ । ती निर्देशनहरूमा अद्यावधिक नियमहरू, मार्गसम्बन्धी मापदण्ड र पालना गर्नुपर्ने सर्तहरू समावेश हुनेछन्, जसलाई सबै जहाजहरूले अनिवार्य रूपमा अनुसरण गर्नुपर्नेछ ।

यस नयाँ प्रोटोकलअनुसार जहाजहरूले जलघाँटीमा प्रवेश गर्नुअघि 'ट्रान्जिट अनुमति' लिनुपर्ने व्यवस्था गरिएको छ । इरानी राज्य मिडियाले यसलाई आफ्नो अधिकार क्षेत्रभित्र लागू गरिएको 'सार्वभौम शासन प्रणाली' का रूपमा व्याख्या गरेको छ, जसले रणनीतिक समुद्री मार्गमाथि नियन्त्रण अझ सुदृढ बनाउने लक्ष्य राखेको देखिन्छ ।

यो कदम इरानका संसद अध्यक्ष मोहम्मद बाघेर घालीबाफले हालै जलमार्ग नियन्त्रणसम्बन्धी 'नयाँ समीकरण' लागू भइरहेको बताउनुभएको घोषणापछि आएको हो । सामाजिक सञ्जालमार्फत उहाँले संयुक्त राज्य अमेरिका र उसका सहयोगीहरूले युद्धविराम उल्लङ्घन र नाकाबन्दीमार्फत ऊर्जा ढुवानीको सुरक्षामा खतरा सिर्जना गरेको आरोप लगाउनुभएको थियो ।

घालीबाफले इरानले हालको अवस्था राम्ररी बुझेको उल्लेख गर्दै अमेरिकाका लागि विद्यमान यथास्थिति असहज रहेको दाबी गर्नुभयो । उहाँका अनुसार इरानले अझै पूर्ण रूपमा आफ्नो कदम सुरु नगरेको अवस्थामा पनि वासिङ्टन दबाबमा रहेको सङ्केत देखिएको छ ।

यसैबिच, इस्लामिक रिभोलुसनरी गार्ड कर्प्स (आइआरजिसी) को नौसेनाले पनि क्षेत्रीय उपस्थितिलाई कडा बनाउँदै सबै जहाजहरूलाई नयाँ चेतावनी जारी गरेको छ । आइआरजिसीले तोकिएको समुद्री मार्गको कडाइका साथ पालना गर्न निर्देशन दिँदै कुनै पनि विचलन भए सैन्य कारबाही हुन सक्ने चेतावनी दिएको छ ।

राज्य मिडियामार्फत जारी सन्देशमा आइआरजिसीले हर्मुज पार गर्ने जहाजहरूका लागि इरानले निर्दिष्ट गरेको कोरिडोर नै 'एक मात्र सुरक्षित मार्ग' भएको जनाएको छ । यस मार्गबाहिर जाने कुनै पनि प्रयास असुरक्षित हुने र त्यसको परिणामस्वरूप निर्णायक हस्तक्षेप गरिने चेतावनीसमेत दिइएको छ ।

यी घटनाक्रम अमेरिकी रक्षामन्त्री पीट हेग्सेथको हालैको टिप्पणीसँगै बढेको क्षेत्रीय तनावको पृष्ठभूमिमा आएका हुन् । उनले व्यावसायिक जहाजहरूको सुरक्षा लागि अमेरिकी प्रयासहरू यस क्षेत्रमा सञ्चालन भइरहेका अन्य सैन्य गतिविधिभन्दा फरक रहेको बताएका थिए ।

गत फेब्रुअरी अन्त्यदेखि नै इरानले समुद्री आवागमन नियन्त्रणलाई क्रमशः कडा बनाउँदै आएको छ । तरलीकृत प्राकृतिक ग्यास र कच्चा तेलको प्रमुख ढुवानी मार्गका रूपमा रहेको हर्मुज जलघाँटीमा कुनै पनि अवरोध उत्पन्न हुँदा विश्वव्यापी व्यापार र ऊर्जा बजारमा ठूलो अनिश्चितता सिर्जना हुने खतरा रहने भएकाले अन्तर्राष्ट्रिय समुदाय यसप्रति संवेदनशील बनेको छ ।

# टेक्सासमा भएको गोली हानाहानमा दुई जनाको मृत्यु, तीन घाइते

वासिङ्टन, २३ वैशाख (क्युएनए) । अमेरिकाको टेक्सासस्थित डलासको उत्तरमा रहेको सपिङ सेन्टर नजिकै भएको गोली हानाहानमा दुई जनाको मृत्यु हुनुका साथै अन्य तीन जना घाइते भएको जनाइएको छ ।

एक जना व्यक्तिले सपिङ सेन्टरमा पाँच जनामाथि गोली चलाउँदा दुई जनाको ज्यान गएको अमेरिकी प्रहरीले पुष्टि गरेको छ ।

संदिग्धले योजनावद्ध रूपमा गोली हानेर घटना घटाएको उल्लेख गर्दै प्रहरीले जनाएको छ

पीडितहरू र आक्रमणकारी एक अर्कामा परिचित व्यक्ति भएको उल्लेख गर्दै प्रहरीले संदिग्धलाई पक्राउ गरिसकिएको जनाएको छ ।

# हुयोन प्रकरणमा प्रधानमन्त्रीका आफन्तको ३० प्रतिशत हिस्सेदारी स्वीकार

न्होम पेन्ह, २३ वैशाख (एएफपी) । कम्बोडियामा साइबर ठगी, मनी लन्ड्रिङ र डिजिटल भुक्तानी प्रणालीसँग जोडिएको विवाद चर्किँदै जाँदा प्रधानमन्त्री हुन मानेटका एक भाइ (काकाका छोरा) ले सम्बन्धित कम्पनीमा आफ्नो प्रत्यक्ष हिस्सेदारी रहेको स्वीकार गरेका छन् । बुधबार जारी वक्तव्यमा हुन टोले आफूले हुयोन पे पीएलसीमा ३० प्रतिशत सेयर स्वामित्व राखेको स्पष्ट पार्नुभयो । यसले प्रकरणलाई थप राजनीतिक र आर्थिक चासोको विषय बनाएको छ ।

अमेरिकी सरकारले गत वर्ष हुयोन समूहमाथि गम्भीर आरोप लगाउँदै उक्त समूह अन्तर्गतका कम्पनीहरूले दक्षिणपूर्व एसियाबाट सञ्चालन हुने ठगी गतिविधिबाट प्राप्त रकमलाई अन्तर्राष्ट्रिय आपराधिक सञ्जालमार्फत वैध देखाउने काम गरेको दाबी गरेको थियो । ई-कमर्स, भुक्तानी सेवा र क्रिप्टोकरेन्सी कारोबारमा सक्रिय यो समूहअन्तर्गतको हुयोन पे विशेष रूपमा विवादमा तानिएको थियो ।

वक्तव्यमा हुन टोले आफूले स्वामित्व स्वीकार गरे पनि कम्पनीको दैनिक व्यवस्थापन वा सञ्चालनमा कुनै भूमिका नरहेको उल्लेख गर्नुभएको छ । साथै उहाँले उक्त कम्पनीबाट अहिलेसम्म कुनै नाफा, लाभांश वा आर्थिक फाइदा नलिएको दाबी गर्नुभएको छ ।

यसैबिच, चिनियाँ मूलका ली जियोङलाई अप्रिल १ मा चीन सुपुर्दगी गरिएको थियो । उहाँ हुयोन समूहका पूर्व अध्यक्ष हुनुहुन्छ । चिनियाँ अधिकारीहरूका अनुसार ली एक ठूलो अन्तर्राष्ट्रिय जुवा तथा ठगी सञ्जालका प्रमुख पात्रमध्ये एक रहेको र विभिन्न आपराधिक गतिविधिमा संलग्न रहेको आशङ्का गरिएको छ ।

रिच्स एन्ड पार्टनर्स नामक लिक्विडेटर संस्थाको प्रतिवेदनअनुसार लीसँग हुयोन पेमा ६२ प्रतिशत सेयर स्वामित्व थियो भने हुन टोको हिस्सेदारी ३० प्रतिशत रहेको उल्लेख गरिएको छ । सोही प्रतिवेदनमा कम्पनीको बन्द गर्ने प्रक्रिया अक्टोबर २०२५ मा सम्पन्न भएको जानकारी दिइएको छ ।

यता, गत महिनादेखि सर्वसाधारण प्रयोगकर्ताहरूले हुयोन प्लेटफर्म अन्तर्गतको एच-पे (पहिले हुयोन पे) मा आफ्नो खाताहरू फ्रिज भएको भन्दै विरोध प्रदर्शन गर्दै आएका छन् । उनीहरूले डिसेम्बरदेखि प्लेटफर्ममा पहुँच नपाएको गुनासो गर्दै आफ्ना रकम फुकुवा गर्न माग गरेका छन् ।

कम्बोडियाको केन्द्रीय बैङ्कले भने उक्त प्लेटफर्मको व्यवसाय सञ्चालन इजाजतपत्र खारेज गरिसकेको जनाएको छ, जसले सम्पूर्ण प्रकरणलाई थप जटिल र संवेदनशील बनाएको छ ।

# चिप उद्योगमा भारतको विस्तार

नयाँदिल्ली, २३ वैशाख (एएफपी) । विश्वव्यापी सेमिकन्डक्टर आपूर्ति शृङ्खलामा आफ्नो स्थान मजबुत बनाउने लक्ष्यसहित भारतले ४१ करोड ४० लाख डलर बराबरका दुई नयाँ सेमिकन्डक्टर परियोजनालाई स्वीकृति दिएको छ । यो निर्णयले देशलाई इलेक्ट्रोनिक्स उत्पादनको उदीयमान केन्द्रका रूपमा स्थापित गर्ने सरकारी प्रयासलाई थप गति दिने अपेक्षा गरिएको छ ।

सरकारले सोमबार राति स्वीकृति दिएका यी परियोजनामध्ये एक एलइडी डिस्प्ले उत्पादन सुविधा हो भने अर्को सेमिकन्डक्टर प्याकेजिङ युनिट हो । यी दुई थपिएसँगै भारतमा यस्ता परियोजनाको सङ्ख्या १२ पुगेको छ । यसमा करिब १७ अर्ब २० करोड डलर बराबरको कुल लगानी प्रतिबद्ध रहेको बताइएको छ ।

भारतले सन् २०२१ देखि घरेलु चिप उत्पादन क्षमतामा विस्तार गर्ने रणनीति अघि बढाउँदै आएको छ । आयातमा निर्भरता घटाउने, आपूर्ति प्रणालीलाई सुरक्षित बनाउने तथा प्रविधिमा आत्मनिर्भरता हासिल गर्ने उद्देश्यले निर्माण, डिजाइन र प्याकेजिङसँग सम्बन्धित विभिन्न पूर्वाधारमा निरन्तर लगानी बढाइएको छ ।

सरकारी विवरणअनुसार एलइडी परियोजना मिनी र माइक्रो डिस्प्ले मोड्युल उत्पादनमा केन्द्रित रहनेछ । यसका लागि कम्पाउन्ड सेमिकन्डक्टर निर्माणसम्बन्धी एकीकृत सुविधा स्थापना गरिनेछ । त्यस्तै, प्याकेजिङ युनिटले अटोमोबाइल, औद्योगिक तथा उपभोक्ता इलेक्ट्रोनिक्स क्षेत्रमा आवश्यक पर्ने चिप समाधान उपलब्ध गराउने लक्ष्य राखेको छ ।

यी पहलहरूले देशभित्र विकास भइरहेको उच्चस्तरीय चिप डिजाइन क्षमतालाई पूरक सहयोग पुऱ्याउने र समग्र सेमिकन्डक्टर पारिस्थितिकी प्रणालीलाई उल्लेखनीय रूपमा सुदृढ बनाउने विश्वास सरकारको छ ।

भारतको चिप बजार पनि तीव्र रूपमा विस्तार भइरहेको छ । सन् २०२३ मा करिब ३८ अर्ब डलरको रहेको बजार सन् २०२४–२५ सम्म ४५ देखि ५० अर्ब डलरसम्म पुग्ने अनुमान गरिएको छ । सरकारले सन् २०३० सम्म यस क्षेत्रलाई एक खर्ब डलरको स्तरमा पुऱ्याउने महत्त्वाकाङ्क्षी लक्ष्य अघि सारेको छ ।

यसअघि स्वीकृत कतिपय उत्पादन केन्द्रहरूले सञ्चालन सुरु गरिसकेका छन् भने दुई परियोजनाले त व्यावसायिक ढुवानीसमेत सुरु गरिसकेको बताइएको छ, जसले भारतको चिप उद्योग विस्तारको गति झन् स्पष्ट बनाएको छ ।

# इरानको सपिङ सेन्टरमा आगलागी : आठ जनाको मृत्यु

तेहरान, २३ वैशाख (सिन्ह्वा) । इरानको राजधानी तेहरानबाट करिब ३० किलोमिटर पश्चिममा अन्डिशे सहरमा अवस्थित अर्गावन कमर्शियल कम्प्लेक्स सपिङ सेन्टरमा आगलागी हुँदा कम्तीमा आठ जनाको मृत्यु हुनुका साथै ३६ जना घाइते भएको इरानको आइआरआइबी टेलिभिजनले जनाएको छ । यो भवनमा भवनमा २५० भन्दा बढी व्यापारिक एकाइहरू सञ्चालनमा रहेको जनाइएको छ ।

इरानी विद्यार्थी सङ्गठन (आइएसएनए) ले एन्डिशे शहरको अग्नि नियन्त्रण विभागका प्रमुख अली पाइदारनलाई उद्धृत गर्दै स्थानीय समयअनुसार बेलुका ४:४० मा आगलागी भएको रिपोर्ट गरिएको थियो ।

भवनको अग्रभागमा प्रयोग गरिएको मिश्रित सामग्रीका कारण आगो छिटै फैलिएको पाइदरनले बताउनुभएको छ ।

आइएसएनएले इरानको रेड क्रिसेन्ट सोसाइटीलाई उद्धृत गर्दै तालिमप्राप्त कुकुरहरूसहित उद्धार खोजी र उद्धारका लागि घटनास्थलमा रहेको बताएको छ ।

# सुकुमवासी बस्तीमा डोजर : एसियाली विकास बैङ्क र प्रधानमन्त्री बालेन्द्र साहबिच जोडिने कडी

● सौरभ कार्की

प्रधानमन्त्री बालेन्द्र साहले आफ्नो जन्म दिनको छेक पारेर सेनासम्म परिचालन गरेर रातारात वाग्मती किनारका सुकुमवासी बस्ती उजाड्नुका पछाडि कहीं एसियाली विकास बैङ्कको दबाब त होइन ?

यो आलेख लेख्न बसेको मात्र थिएँ, मोबाइल स्क्रोल गर्दै गर्दा एउटा समाचार फुत्त स्क्रिनमा देखियो– 'राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रवक्ता मनिष झाले सुकुमवासी बस्ती हटाउने विषयमा पार्टीमा छलफल नभएको बताएका छन् ।' उसो त, १० वैशाख २०८३ का दिन पनि सञ्चारमाध्यमहरूमा छ्याप्छ्याप्ती समाचार आएका थिए, जसमा सरकारका प्रवक्ता तथा शिक्षामन्त्री सस्मित पोखरेलले सुकुमवासी हटाउनेबारे अहिलेसम्म मन्त्रिपरिषद्बाट केही निर्णय भएको छैन भनेका थिए ।

तर, त्यसभन्दा केही बेरअघि नै सञ्चारमाध्यममा समाचार छाइसकेको थियो, जसअनुसार प्रधानमन्त्री बालेन्द्र साहले सुरक्षा प्रमुख डाकेर ५ मिनेटमा आफ्नो ब्रिफिङ सकाउँदै भनेका थिए, 'शनिबार र आइतबार अतिक्रमित बस्ती खाली गर्नू ।' सरकारका प्रवक्ता सस्मित पोखरेलले सुकुमवासी बस्तीबारे मन्त्रिपरिषद्मा छलफल नभएकोबारे सञ्चारमाध्यममा समाचार आएको दुई-तीन घन्टा पनि बितेको थिएन, लगत्तै सुकुमवासीलाई उठाएर लजमा राखिने अर्को समाचार आयो ।

यसबिचमा खास सुकुमवासी को हुन् भनेर प्रमाणीकरणबारे कुरा नउठेको पनि होइन । तर, समाचारअनुसार, गृहमन्त्रालय तथा महानगरका अधिकारीहरूसँग प्रधानमन्त्री बालेन्द्रले भनेका रहेछन्– 'प्रमाणीकरणको प्रक्रियामा गयो भने धेरै समय लाग्ने भएकाले पहिले बस्ती खाली गराउने, त्यहाँ बस्ने परिवारहरूलाई लजमा लगेर राख्ने अनि प्रमाणीकरणको काम सुरुआत गर्ने ।'

सरकारका प्रवक्तालाई थाहा छैन । पार्टीका प्रवक्तालाई पनि थाहा छैन । मन्त्रिपरिषद्बाट कुनै निर्णय भएको छैन । तर, देशका प्रधानमन्त्रीले भने १२ वैशाख २०८३ गते डोजर पठाइसकेका थिए । यो हतारो किन ? यही प्रश्नको जवाफ खोज्दै जाँदा एउटा गुजुल्टिएको कथा देखिन्छ, जसमा अन्तर्राष्ट्रिय दातृ निकाय एसियन डेभलपमेन्ट बैङ्क (एडीबी), काठमाडौँ महानगरपालिका र प्रधानमन्त्री बालेन्द्र साहको व्यक्तिगत महत्त्वाकाङ्क्षाका धागा एकापसमा जटिल रूपमा गाँसिएका रहेछन् भन्ने भान हुन्छ । त्यसको मूल्य तिर्दै छन्, काठमाडौँका नदीकिनार– विशेषगरी थापाथलीमा वर्षौंदेखि बसोबास गर्दै आएका सुकुमवासी परिवारहरूले ।

**एडीबी र वाग्मती : उजाडिएका सुकुमवासी बस्ती**

फेब्रुअरी २०१५ मै एडीबीले सार्वजनिक गरेको 'ट्वान्टीफाइभ इयर्स अन द ग्राउन्ड: एडीबी नेपाल पार्टनरशिप फर इन्क्लुसिभ डेभलपमेन्ट' लाई आधार मान्ने हो भने एडीबी सन् १९६९ देखि नेपालमा सक्रिय छ । डिसेम्बर २०२४ सम्मको तथ्याङ्क हेर्ने हो भने एडीबीले नेपालमा कुल ५१९ वटा सार्वजनिक क्षेत्रमा ऋण, अनुदान र प्राविधिक सहायता प्रतिबद्धता गरेको छ, जसको कुल मूल्य ९.३ विलियन अमेरिकी डलर बराबर पुग्छ ।

उसो त, एडीबी र वाग्मती नदीको सम्बन्ध पनि निकै पुरानो देखिन्छ । सन् २०१० मै एडीबीले 'सपोर्टिङ इनभेस्टमेन्ट्स इन वाटर सेक्युरिटी इन रिभर बेसिन्स' प्राविधिक सहायता कार्यक्रम स्वीकृत गरेको थियो । यस कार्यक्रमको पहिलो प्राथमिकतामा नदी बेसिन संरचना निर्माणका लागि सम्भावित कार्यदिशा र संरचनाका लागि सरोकारवालाको सहमति निर्माण गर्ने भन्ने उल्लेख गरिएको थियो । त्यसपछि सन् २०१३ मा एडीबीले परियोजना नं ४३४४८-०१३ अन्तर्गत 'वाग्मती रिभर बेसिन इम्प्रुभमेन्ट प्रोजेक्ट (बीआरबीआइपी)' स्वीकृत गर्‍यो, जुन सन् २०१४ देखि कार्यान्वयनमा आयो ।

यस परियोजनाअन्तर्गत एडीबीले वाग्मती नदीको वातावरण सुधार, नदीको माथिल्लो भागमा पानीको भण्डारण, अक्सिजनको मात्रा बढाउन बाँध निर्माण, नदी किनारको सौन्दर्यीकरण र सामुदायिक पहलको कुरा गरेको थियो । परियोजनाको कुल लागत ७८.८ मिलियन अमेरिकी डलर निर्धारित गरिएको थियो, जसमध्ये एडीबीले ६३ मिलियन र नेपाल सरकारले १५.८ मिलियन डलर व्यहोर्ने तय थियो । एडीबीको आफ्नै सोसल मोनिटरिङ रिपोर्टमा यसलाई स्पष्ट पार्दै सन् २०२० भित्र परियोजना सक्ने अनुमान गरिएको थियो ।

तर, यसै परियोजनाको रिपोर्टले नै वाग्मती नदी बिग्रिनुका ६ वटा प्रमुख कारण उल्लेख गरेको छ, जसमध्ये चौथो कारणमा नदीकिनारका सुकुमवासी बस्तीहरूलाई स्पष्टसँग औँल्याइएको छ । काठमाडौँका नदीकिनारका सुकुमवासी बस्ती र थापाथलीको सुकुमवासी बस्ती यही सन्दर्भमा एडीबीको टाउको दुखाइ बनेको देखिन्छ ।

सन् २०२० भित्र सक्ने भनिएको एडीबीको वाग्मती परियोजना समयमै सकिएन । परियोजनाको म्याद थपिँदै गयो । यसरी म्याद थपिनु एडीबीका लागि अपमानजनक मात्र होइन, उसको विश्वसनीयतामाथिको प्रश्न पनि हुने नै भयो । नेपालमा एडीबीका परियोजनाको इतिहास हेर्ने हो भने 'वाग्मती नदी सौन्दर्यकरण' मात्र ढिलो भएको होइन । नारायणगढ-बुटवल सडक आयोजना सन् २०१९ मा सुरू भई सन् २०२२ मा सकिनुपर्नेमा आजसम्म सकिएको छैन । मेलम्ची खानेपानी परियोजनामा त झन् कति पटक समस्या थपियो भन्ने यकिन गर्नै समय लाग्छ । खोज्दै जाने हो भने यसरी पूरा नभएका परियोजनाको चाङ भेटिन सक्छन् ।

यस्तो सन्दर्भमा वाग्मती नदी सुधार परियोजना पनि अझै ढिला हुनु एडीबीका लागि थप अपमान हुने नै भयो । एडीबीले आफ्नै सेफगार्ड पोलिसी स्टेटमेन्ट परियोजनाका कारण विस्थापित हुने समुदायका लागि उचित क्षतिपूर्ति र पुनर्वासको प्रतिबद्धता जनाएको छ । व्यवहारमा भने थापाथलीका सुकुमवासीलाई उचित वैकल्पिक व्यवस्थाबिनै निष्कासन गर्न पटकपटक दबाब दिइरहेको देखिन्छ ।

यहींनिर प्रधानमन्त्री बालेन्द्र साहको भूमिका जोडिन्छ । काठमाडौँ महानगरपालिकाका मेयर हुँदादेखि नै सुकुमवासी बस्ती हटाउन आतुर देखिन्थे, बालेन्द्र साह । प्रधानमन्त्री बनेपछि गृहमन्त्रालयसमेत आफ्नै हातमा आएको बेलामा यो काम तत्काल सम्पन्न गर्नुपर्छ भन्ने दबाब उनीमाथि परेको भान हुन्छ । भित्रबाट एडीबीको रहर, बाहिरबाट 'सहर सफा गर' भन्ने दोहोरो दबाब प्रधानमन्त्री बालेन्द्र साहमाथि निकै चर्को पर्‍यो कि !

**मेयरदेखि प्रधानमन्त्रीसम्म : लक्ष्य एउटै, शक्ति फरक**

बालेन्द्र साह २०७९ मा काठमाडौँ महानगरपालिकाको मेयर भएको बेलादेखि नै सहर सौन्दर्यकरण उनको मुख्य एजेन्डा बनेजस्तो देखिन्छ । त्यसअन्तर्गत उनले फुटपाथ व्यवसायीहरूलाई हटाउन ठुलो बल प्रयोग गरे र त्यसैक्रममा मङ्सिर २०७९ मा थापाथली सुकुमवासी बस्तीलाई निशाना बनाए ।

नोभेम्बर ११, २०२२ मा अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति (एचपीसीआइडीबीसी) ले उक्त बस्तीलाई नोभेम्बर २० सम्म खाली गर्न 'अल्टिमेटम' दियो । त्यसको प्रतिकारमा नोभेम्बर १८ मा सयौँ सुकुमवासीले माइतीघरदेखि नयाँ बानेश्वरसम्म प्रदर्शन गरे । तर, त्यसको केही दिनपछाडि काठमाडौँ महानगरपालिकाको टोली २०० भन्दा बढी प्रहरी र डोजर लिएर बस्ती भत्काउन पुग्यो । त्यसक्रममा ढुङ्गामुढा भयो, २१ जना नगर प्रहरी घाइते भए । अन्ततः काठमाडौँ महानगरको डोजर फर्किन बाध्य भयो ।

थापाथलीको सुकुमवासी बस्ती निशानामा परेको यो पहिलोपटक थिएन । तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईले २०६८ कार्तिकमा अपार्टमेन्ट निर्माण परियोजनाको अवधारणा ल्याएका थिए । यसै विषयमा 'कान्तिपुर' मा विद्या राईले 'सुकुमवासी अपार्टमेन्टमा सरकारी कार्यालय' शीर्षकमा १७ मङ्सिर २०७९ मा लेखेको समाचारअनुसार २०७१ मा इचँगुनारायणमा सुकुमवासीहरूका लागि भवन निर्माण सम्पन्न भएपछि सहरी विकास तथा भवन निर्माण विभागलाई हस्तान्तरण भइसकेको थियो ।

तर, २३० परिवार बसोबास गर्न मिल्ने गरी, करोडौँ खर्चेर बनाइएको ईचंगुनारायण अपार्टमेन्टमा सुकुमवासीहरूले बस्न इच्छा नदेखाएको देखिन्छ । त्यसका अलावा, १४ मङ्सिर २०७९ मा छापिएको समाचारअनुसार सुकुमवासीहरूलाई इचुँगनारायणको अपार्टमेन्टमा राख्ने विषयमा त्यहाँका तत्कालीन वडाअध्यक्षसहित स्थानीयवासीले समेत विरोध गरेको पाइन्छ ।

वाग्मती संरक्षणसम्बन्धी एक मुद्दामा दुई वर्षअघि मात्रै सर्वोच्च अदालतबाट खोलानदी किनारका सुकुमवासीहरूलाई विकल्पविना जबर जस्ती नहटाउनू भनेर आदेश भएको थियो । अदालतले त्यतिबेला वास्तविक भूमिहीन सुकुमवासीको पहिचान गरी उचित व्यवस्थापन गरेर मात्र हटाउन भनेको थियो । यस फैसलापछि मेयर बालेन्द्र चुप बसे पनि फैसलाले भनेजस्तो 'पहिचान गरेर हटाउने' प्रक्रिया भने यसपटक अपनाएको देखिएन ।

**पहिले हटाउने, पछि पहिचान गर्ने : उल्टो विधि**

प्रधानमन्त्री साहले गृहमन्त्रालय र काठमाडौँ महानगरपालिकाका अधिकारीहरूसँग स्पष्ट भनेका थिए: प्रमाणीकरणको प्रक्रियामा गइयो भने धेरै समय लाग्ने भएकाले पहिले बस्ती खाली गराउने, त्यहाँ बस्ने परिवारहरूलाई लजमा लगेर राख्ने, अनि त्यसपछि प्रमाणीकरणको काम सुरू गर्ने ।

यो तर्क व्यावहारिक जस्तो सुनिएला । तर, यसमा गहिरो समस्या छ । बस्तीमै गएर, मानिससँग बसेर, उनीहरूका कागजपत्र हेरेर, मालपोतको डिजिटल लगतसँग भिडाएर खास सुकुमवासी को हुन् भनेर छुट्याउन सकिन्थ्यो । त्यसपछि वास्तविक सुकुमवासीहरूको उचित व्यवस्था गरेर सार्न सकिन्थ्यो र नक्कली ठहरिएकालाई हटाउन सकिन्थ्यो । यो विधि न्यायसंगत, मानवीय र संवैधानिक हुन्थ्यो । तर, त्यसो गरिएन । उल्टो बाटो हिँड्ने सरकारको यही कदम नै मूल समस्या रह्यो ।

प्रधानमन्त्री साहले सार्वजनिक रूपमा भनेका छन्- बर्खा आउन लागेको र नदी किनार जोखिमपूर्ण भएकाले तत्काल उद्धार गर्नुपर्‍यो । तर, बर्खाको तर्कभन्दा एडीबीको म्यादसम्बन्धी दबाबको कथा बढी बलियो देखिन्छ । एडीबीको जनवरी २०२३ को सामाजिक अनुगमन प्रतिवेदनका अनुसार उक्त परियोजना मे २०२५ भित्र सक्ने लक्ष्य राखिएको देखिन्छ ।

तर, परियोजना पूरा नहुनेबित्तिकै थप लागत र अन्तर्राष्ट्रिय स्तरमा एडीबीको छवि खस्किने जोखिम थियो । त्यही दबाबमा बालेन्द्र सरकार परेको हो कि !

**कानुन र संविधान के भन्छ ?**

२०७२ मा जारी नेपालको संविधानको धारा ४३ ले सामाजिक सुरक्षाको हकअन्तर्गत आर्थिक रूपले विपन्न, असहाय र अशक्त अवस्थामा रहेका, आफ्नो हेरचाह आफैँ गर्न नसक्ने नागरिकलाई उचित बासस्थानमा सुरक्षित रूपमा बस्ने हक प्रदान गरेको छ । त्यस्तै धारा ३७ मा प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ भनेर सुनिश्चित गरिएको छ । भूमिसम्बन्धी ऐन २०२१ को दफा ५२ 'क' दफा ५२ 'ख' र 'ग' को स्पष्टीकरणमा भूमिहीन सुकुमवासी भन्नाले नेपाल राज्यभित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा जग्गा जमिन नभएको र आफ्नो आयआर्जन स्रोतबाट जग्गाको प्रबन्ध गर्न असमर्थ व्यक्ति र निजप्रति आश्रित परिवारका सदस्यहरूलाई जनाउँछ भने भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासको लगत सङ्कलनसम्बन्धी कार्यविधि-२०८१ को दफा २ 'क' मा भूमिहीन र अव्यवस्थित बसोबासीको विषयमा परिभाषित गरेको छ । उक्त ऐनकै परिच्छेद १० को दफा ५२ 'क' र 'ख' मा भूमिहीन सुकुमवासीलाई जग्गा/जमिन उपलब्ध गराउने र दफा ५२ 'ग' मा अव्यवस्थित बसोबास गर्नेहरूलाई व्यवस्थित व्यवस्थापन गराउने भनेर पनि उल्लेख गरिएको छ ।

भूमिसम्बन्धी ऐन र राष्ट्रिय भूमि आयोगको कार्यविधिले नदी तथा खोलाकिनार, वन क्षेत्र, पुरातात्त्विक स्थल र प्राकृतिक जोखिमयुक्त स्थानमा रहेका बस्तीलाई त्यही ठाउँमा जग्गा दिन नमिल्ने व्यवस्था गरेको छ । अर्थात्, नदीकिनारको सुकुमवासी बस्तीलाई हटाउन पाइन्छ तर उचित पुनर्वास गरेर मात्र ।

जुलाई २२, २०२४ को 'रिपब्लिका' मा प्रकाशित समाचारअनुसार, राष्ट्रिय भूमि आयोगका केशव निरौलाका अनुसार देशभर करिब ४ लाख ५० हजार परिवार वास्तविक सुकुमवासी छन् । र, अव्यवस्थित बसोबासकर्तासमेत जोड्दा यो सङ्ख्या करिब १२ लाखसम्म पुग्छ । तर, सोही समाचारमा भनिएको छ, सुकुमवासीहरूको अध्ययन गर्न सरकारले गठन गरेको कार्यदलको प्रतिवेदनअनुसार उपत्यकामा ३,४९६ सुकुमवासी परिवार छन् । यो सङ्ख्या अहिले बढेर ४,००० पुगेको अनुमान गरिएको छ ।

तर, यहाँ टड्कारो रूपले दुई प्रश्न उब्जिएका देखिन्छन् । पहिलो– वास्तविक सुकुमवासी को हुन् ? दोस्रो– सुकुमवासीको नाममा अन्यत्र जग्गा भएका, सहरमा रोजगारी खोज्न आएका वा राजनीतिक कारणले बसिरहेका मानिसका कारण खास सुकुमवासीको अधिकार झन् कमजोर हुँदैन ?

यी प्रश्नको जवाफ खोज्न र गैरसुकुमवासीको पहिचान गरी उनीहरूलाई कारबाहीको दायरामा ल्याउन पनि बस्तीभित्र गएर लगत सङ्कलन गर्नु जरुरी थियो । तर, त्यसो गरिएन । यतिखेर काठमाडौँ उपत्यकाका नदीकिनारका सुकुमवासी बस्तीहरू भत्किसकेका छन् र सरकार भने बासस्थान उजाडिसकेपछि सुकुमवासी खोज्न लागिपरेको छ ।

**अन्तर्राष्ट्रिय संस्थाको चिन्ता र वास्तविकता**

११ वैशाख २०८३, लोकतन्त्र दिवसकै छेक एम्नेस्टी इन्टरनेसनल नेपालले आफ्नो आधिकारिक फेसबुक पोस्टमार्फत भन्यो– 'जबरजस्ती निष्कासन गर्ने कार्यले विधिको शासनको खतरनाक क्षयीकरणलाई प्रतिबिम्बित गर्दछ र यसले बढ्दो अधिनायकवादी दृष्टिकोणलाई इङ्गित गर्दछ । एम्नेस्टी इन्टरनेसनलले 'नो ह्वेयर टू गो: फोर्स्ड इभिक्सन्स इन नेपाल' शीर्षकको शोधपत्र तयार गर्दै सहर सौन्दर्यकरणको नाममा थापाथलीमा भएको जबरजस्ती निष्कासनले सुकुमवासी बस्तीका बासिन्दाको जीवनमा विनाशकारी प्रभाव पारेको उल्लेख गरेको छ ।

डिसेम्बर १३, २०२२ मा फोरम-एसियाले पनि सुकुमवासीको पक्षमा ऐक्यबद्धता जनाउँदै बस्ती भत्काउनु अगाडि उचित पुनर्स्थापनाको माग गरेको देखिन्छ । अप्रिल २०२५ मा अमेरिकी पत्रिका 'द ब्याफलर' मा वेन स्टेफसनले लेखेको लेखमा एम्नेस्टी इन्टरनेशनल नेपालका निर्देशक निरञ्जन थपलियाको भनाइ उद्धृत छ । उक्त लेखमा उल्लेख गरिएको छ– 'मानव अधिकारको दृष्टिकोणबाट हेर्ने हो भने जबरजस्ती निष्कासन राज्य प्रायोजित अपराध हो ।'

एडीबीले आफ्नो 'सेफगार्ड पोलिसी स्टेटमेन्ट'मा परियोजनाका कारण विस्थापित हुने समुदायका लागि उचित क्षतिपूर्ति र पुनर्वासको प्रतिबद्धता जनाएको छ । तर, यतिखेर काठमाडौँ खोलाकिनारका सुकुमवासीलाई विकल्पविना अध्ययन नै नगरी हटाइसकिएको छ । यद्यपि, सुकुमवासीको व्यवस्थापन गरिने प्रधानमन्त्री साहले आश्वासन दिएका छन् ।

**थापाथली नै किन ?**

एउटा तथ्य यहाँ उल्लेख गर्नु जरुरी छ– देशभर करिब ४ लाख ५० हजार सुकुमवासी परिवार छन् तर सधैं काठमाडौँका नदीकिनार अझ विशेषत: थापाथली किन सबै सरकारको निशानामा पर्छ ? यस प्रश्नको जवाफ स्पष्ट छ– काठमाडौँ अझ विशेषत: थापाथली, मिडियाको नजरमा सबैभन्दा चाँडो पर्छ भने एडीबीको वाग्मती सुधार परियोजनाको मुख्य कार्यक्षेत्र वाग्मती नदी किनारका बस्तीहरू नै पर्दछन् ।

झनै एडीबीले सुकुमवासीका कारण वाग्मती सुधार परियोजनालाई अप्ठेरो परेको भनी पटकपटक उल्लेख गरिसकेको छ । अर्थात्, यस योजनामा नदीकिनारका सुकुमवासी बस्तीहरू नै मुख्य अवरोध बनिरहेका थिए । र, त्यो अवरोध हटाउनमा एडीबी, एचपीसीआइडीबीसी, काठमाडौँ महानगरपालिका र अब प्रधानमन्त्री साह सबैको स्वार्थ मिलेको जस्तो देखिन्छ ।

**हटाउनै नहुने हो र ?**

चुनावभन्दा अघिको समय सम्झने हो भने रास्वपा सभापति रवि लामिछानेले सुकुमवासीहरूको भोटलाई नै ख्याल गर्दै भनेका थिए, 'डोजरभन्दा पहिले म छाती थापेर बस्छु ।' त्यस्तै चुनावअघि साहले झापाको सुकुमवासी बस्तीमा गएर काठमाडौँका सुकुमवासीको ज्यान जोगाउन डोजर चलाइएको हो भनेर मतदातासामु स्पष्टीकरण दिएका थिए । तर, चुनाव जितेपछि सार्वजनिक रूपमा एकपटकसमेत नबोलेका प्रधानमन्त्री साहको आदेशमा यतिखेर सुकुमवासी बस्तीमा डोजर पसिसकेको छ ।

यतिखेर सुकुमवासी बस्तीहरू भत्किसकेका छन् । हजारौँ मानिसहरूको बिचल्ली भइसकेको छ । सम्भवत: बालबच्चाहरू आफ्ना आमाबाबालाई- हाम्रो घर खोइ ? भनेर सोधिरहेका छन् । र यतिखेर प्रधानमन्त्री बालेन्द्र साहले आफ्नो ३६ औँ जन्मदिन पनि मनाइसकेका छन् ।

सुकुमवासीहरूमाथि लामो समय राजनीति चलिरह्यो । उनीहरूलाई सधैँ भोट बैङ्क बनाइयो तर उनीहरूको उचित बासस्थानका लागि सधैँ आनाकानी मात्र गरियो । बस्तीमा मानिसहरू थपिँदै गए । को हुन् खास सुकुमवासी र को होइनन् भन्ने पत्ता लगाउनसमेत हम्मेहम्मे पर्ने स्थिति आयो । यस्तै बेला हो, सरकार र सरकारी निकाय चाहिने । आधिकारिक निकायले लगत सङ्कलनमा ध्यान दिनुपर्थ्यो र वास्तविक सुकुमवासीको पहिचान गर्दै, सुकुमवासीलाई पुनर्स्थापित गरिनुपर्थ्यो भने नक्कली सुकुमवासीको हकमा लामो समयदेखि जग्गा कब्जा गरेको भन्दै उनीहरूलाई दण्डित पनि गर्नुपर्थ्यो ।

तर, 'गरिब हटाएर सहर सुन्दर बनाउने सपना' देखेका प्रधानमन्त्री साहले त्यसो गरेनन् । उनले त राज्यको सिङ्गो शक्ति नै लगाइदिए । जस्तो कि, यो पटक बाहिरी घेरामै सही– सुकुमवासी हटाउनका लागि सेना र सशस्त्र प्रहरीसमेत पुगेको देखियो ।

यसरी राज्य नै लागेपछि आफ्नो एउटा टाउको लुकाउने छतसमेत नभएका सुकुमवासीले गर्नै पो के सक्थे र ? यसअघि उनीहरूले पटकपटक प्रतिरोध गरेकै थिए । सँगसँगै यो पनि भनेका थिए कि उचित विकल्प दिएमा हामी ठाउँ छोड्न तयार छौँ । आज सुकुमवासीहरूले सजिलै ठाउँ छोडेजस्तो देखिए पनि त्यसको अन्तर्य भने फरक छ । अनलाइनखबरसँग कुरा गर्दै गीता लामाले शङ्का गरेकी छन्, "अब कसैको केही लाग्दैन यहाँ । हाम्रो भाग्यमा यस्तै त रहेछ नि ।"

निरीह र गरिबहरूले दोष दिन सक्ने भनेको आफ्नै भाग्यलाई हो । आफ्नो गरिबीलाई हो । यो पटक पनि उनीहरूले आफ्नो भाग्यलाई नै दोष दिइरहेका छन् । उसो त सुकुमवासीलाई सुकुमवासी कसले बनायो ? एउटा मानिस वा परिवार सुकुमवासी बन्नुको पछाडि राज्यको पनि हात हुन्छ भनेर कसैले भन्ला वा नभन्ला ? सामाजिक सञ्जालको 'अल्गोरिदम' मा यस्तो बहस पो चल्ला कि नचल्ला ? कि एकोहोरिइसकेको अल्गोरिदमको भक्तिगानमा लट्ठीएर 'गरिब लखेटे मात्रै सहर सुन्दर हुन्छ' भन्ने भाष्यलाई नै बलियो बनाइरहेको छ ? त्यसो त, गरिबहरूको नियन्त्रणमा अल्गोरिदम पनि त हुँदैन ।

इतिहासतिर फर्केर हेर्दा यसका जरा लोकतान्त्रिकभन्दा अलोकतान्त्रिक व्यवस्थाका प्रक्रियासँग जोडिन्छन् । यसको लागि एउटै उदाहरण काफी छ । त्यो हो, हिटलरले यहुदीविरूद्ध अभ्यास गरेको 'आईडेन्टिफिकेसन' । त्यसपछि के भयो ? धेरैलाई थाहा छ । यहाँ रोचक के छ भने बालेन्द्रलाई कुनै समय एउटा पडकास्टमा हिटलरबारे सोधिएको प्रश्नमा उनले भनेका थिए, "भेटेर धेरै कुरा सिक्न मन थियो, स्ट्राटेजिक प्लानिङ र उहाँले कसरी सबैलाई एउटै सोच्ने बनाउनु भयो, त्योचाहिँ बुझ्न मन थियो ।"

अल्गोरिदमकै कुरा गर्दा– सुकुमवासी बस्ती हटाउने क्रममा सब ठीक भयो, कहीँकतै केही गलत भएन । गलत होस् पनि कसरी ! जबकि, बस्ती उजाडिएपछि प्रहरीले आफ्नो आधिकारिक फेसबुक पेजमा स्थानीयलाई सहयोग गरेको तस्वीर राख्यो । तर, स्थानीयको आर्तनाद न आफूले खिच्यो, न त सञ्चारकर्मीलाई नै खिच्न दियो ।

**मेरिना राना मगरको बालसुलभ प्रश्न**

नोभेम्बर २०२२ मा 'काठमाडौँ पोस्ट' ले छापेको एउटा समाचारको सुरुआत सात वर्षीया मेरिना राना मगरको बालसुलभ प्रश्नबाट भएको थियो, जहाँ उनी प्रत्येक बिहान विद्यालय जानुअघि आफ्ना बाबालाई सोध्थिन्– 'बाबा, हाम्रो घर भत्किएपछि हामी कहाँ जान्छौँ ?'

थाहा छैन, यतिखेर मेरिना आफ्नो बाबालाई के सोधिरहेकी छन् ? सम्भवत: यस देशका धेरै सुकुमवासी बस्तीका नानीबाबुहरू आफ्ना बाआमालाई यस्तै प्रश्न सोधिरहेका होलान् । प्रधानमन्त्री बालेन्द्र साहले १० वैशाखमा दिएको निर्देशनअनुसार देशैभरका अन्य बस्तीहरू पनि भत्किने छन् वा भत्काइने छैनन् ? त्यो आगामी दिनले बताउलान् । तर, काठमाडौँको सुकुमवासी बस्तीका बारेमा एउटा निष्कर्ष निस्किएको छ– त्यहाँ भएका घटनाक्रम न मानवीय हुन्, न न्यायसङ्गत, न त संवैधानिक ।


एउटा संवैधानिक सरकारले गर्नुपर्ने काम थियो, पहिले गएर नदीकिनार बसोबासीसँग कुराकानी गर्ने, कागजपत्र जाँच्ने, वास्तविक सुकुमवासी छुट्याउने, वैकल्पिक आवासको व्यवस्था गर्ने र त्यसपछि मात्र सार्ने । यो विधि ढिलो हुन्थ्यो होला । तर, त्यो मानवीय हुन्थ्यो । बालेन्द्र सरकारले रोजेको बाटोचाहिँ छिटो थियो– एडीबीको परियोजनाको लागि, सहरको सौन्दर्यको लागि र अन्तर्राष्ट्रिय साखको लागि ।

जुन पार्टीको सरकार छ, त्यस पार्टीका प्रवक्तालाई थाहा नभएको, सरकारका प्रवक्तालाई थाहा नभएको, मन्त्रिपरिषद्को निर्णय नभएको एकजना मानिसको हठ र एउटा अन्तर्राष्ट्रिय संस्थाको आर्थिक स्वार्थको दबाबले हजारौँ मानिसको आवास खोसिएको छ । सुकुमवासी समस्याको समाधान डोजरबाट हुँदैन । यो समस्या जटिल छ, दशकौँ पुरानो छ ।

यसको जरो भूमिसुधार, विकेन्द्रीकरण र सहरी योजनामा गएर जोडिन्छ । डोजर चलाउनु सबैभन्दा सजिलो छ । सबैभन्दा गाह्रो र सबैभन्दा आवश्यक भनेको चाहिँ– मानिससँग बस्नु, सुन्नु र न्यायिक समाधान खोज्नु हो । तर, प्रधानमन्त्री साहले सजिलो बाटो रोजे । एडीबीले चाहेको र परियोजनाले माग गरेको– जसको मूल्य थापाथली र काठमाडौँ नदीकिनारका सुकुमवासीहरूले चुकाइरहेका छन् । साहले स्पष्ट नभने पनि 'गरिबको लागि सहर कहिल्यै आफ्नो नहुने' भन्ने भाष्य भने लगातार निर्माण गरिरहेका देखिन्छन् ।

यसमा आर्थिक आयाम पनि हेर्नुपर्छ । रास्वपा सरकारले सत्तामा आएको महिना दिन नबित्दै एडीबी र विश्व बैङ्कले दिने भनेको साढे १८ करोड अमेरिकी डलर ऋण स्वीकार गर्ने निर्णय गरिसकेको छ । अन्तर्राष्ट्रिय ऋणदाताहरूको दबाब र नेपाल सरकारको वित्तीय निर्भरताको सन्दर्भमा हेर्दा सुकुमवासीहरूमाथि डोजर गुड्नु त्यति सरल घटना होइन, एउटा रणनीतिक निर्णय हो । यही रणनीतिको चेपुवामा काठमाडौँ नदीकिनारका सुकुमवासीहरू परेका देखिन्छ ।

# हार्दिक समवेदना



**बिजुलीमाया ताम्राकार**

**जन्म : १९९३/०१/३०** **निधन : २०८३/०१/२१**

हाम्रा आत्मीय मित्रहरू लक्ष्मीहरि ताम्राकार, ओमहरि ताम्राकार र रामहरि ताम्राकारकी ममतामयी माता **बिजुलीमाया ताम्राकार**को दुःखद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

## साथीहरू

| | | |
|---|---|---|
| जितेन्द्र खाइजु | भिम ताम्राकार | गोपालकृष्ण ताम्राकार |
| केदार सुवाल | मञ्जय जोन्छे | चिनियालाल माक |
| विश्वराम माक | नरेश कायष्ठ | आसाराम सिन्ताकल |
| सानुलाल त्वानाबासु | प्रवास धौबन्जार | अमन मुनंकर्मी |
| केशव फैजु | प्रकाश नापित | अर्जुन चिकंबन्जार |
| रमेश चिकंबन्जार | मधुराज सैंजु | नरेश बासुकला |
| रमेश कवां | सुमन भोमी | कुमार कोजु |
| विकास दुवाल | मनोज भुजु | मनोज माक |
| रविकृष्ण मधिकर्मी | अनुप भुजु | दिलीप नकर्मी |
| नारायणकृष्ण माक | बिन्द्रा श्रेष्ठ | |

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा